

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक ३२१ • २०८१ साल बैशाख ७ गते शुक्रबार (19 April, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# प्रदेश सभा चलाउन फेरि बैठक बस्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभामा बिहीबार भएको सर्वदलीय बैठकमा बैठक नियमित सञ्चालन गर्न नेताहरु सहमत भएका छन् ।

मुख्यमन्त्री सरोज कुमार यादवलाई विश्वासको मत लिन डाकिएको प्रदेश सभाको बैठकमा तोडफोड भएपछि बिहीबार सभामुख रामचन्द्र मण्डलले सर्वदलीय बैठक बोलाएका थिए ।

बैठकमा जनता समाजवादी पार्टी(जसपा) संसदीय दलका नेता समेत रहेका मुख्यमन्त्री सरोज कुमार यादवले विश्वासको मत लिन नदिन जनमत पार्टीले गरेको अलोकतान्त्रिक व्यवहार निन्दनीय रहेको बताएको सहभागि एकजना नेताले बताए ।

बैठकमा मुख्यमन्त्री यादवले प्रतिपक्षको मागलाई सम्बोधन गरिएको प्रतिबद्धता जनाउँदा पनि अबरोध र तोडफोड गरिनु लोकतान्त्रिक मर्यादा विपरीत रहेको दुखेसो पोखे ।

छलफलमा सहभागि नेताहरुले प्रदेश सभाको बैठक नियमित सञ्चालन गर्न सहमती जनाए । प्रदेश सभाको बैठक सञ्चालन सम्बन्धमा आईतवार फेरि नेताहरुको बैठक बस्ने बताउँदै नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादवले दलहरुबीच सौहाद्रपूर्ण वातावरण बनेको बताए ।

बैठकमा समान्य छलफल भएको र आइतवार फेरि बैठक बस्ने सहमति भएको जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवले बताए । 'प्रदेश सभाको बैठक नियमित रुपमा सञ्चालन गर्न दलहरु सहमत छन्' उनले भने-'अर्को बैठकपछि प्रदेश सभाको सञ्चालन हुने मितिको निर्णय हुनेछ ।'

जनमत पार्टीले माग गरेको संसदीय छानविन समितिबारे सरकार सहमत रहेको र प्रदेश सभा मामिला समितिबाट छानविन गराइने प्रतिबद्धता मुख्यमन्त्रीले जनाउँदा पनि बैठकमा तोडफोड भएको सत्तापक्षको आरोप छ ।









# पर्सा प्रहरीद्वारा करोडौको कपडा बरामद



**अनिल तिवारी**

वीरगञ्ज । पर्सा प्रहरीले वीरगञ्जबाट करोडौको कपडा बरामद गरेको छ। वीरगञ्ज स्थित पम्पम बिल्डिगमा बिहीबार प्रहरीले छापा मारेर करोडौं मूल्यको अबैध कपडा बरामद गरेको छ।

राजश्व छली गरेर कपडा भण्डारण गरी राखिएको सूचनाको आधारमा बिहीबार दिउँसो छापामारी उक्त कपडा बरामद गरिएको जिल्ल प्रहरी कार्यालय पर्साले जनाएको छ । जिल्ला प्रहरी कार्यलय पर्साबाट खटेको विशेष टोलीले छापामारी गर्दा पम्पम बिल्डिंगमा रहेका चार वटा गोदमबाट झण्डै एक ट्रक कपडा बरामद गरेको छ।

प्रहरीले पुरै पम्पम बिल्डिङलाई घेरा हालेर छापा माने ' क्रममा चार वटा ठूला कोठामा गोदाम बनाएर राखिएका सर्टिङ-सुर्टीङको थान, सुटपिस, साडी, पर्दा लगायतका कपडाहरु ठूलो परिमाणमा बरामद गरेको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले जानकारी दिए।

उनले भने-'गोदामबाट झण्डै एक ट्रक कपडा प्रहरीले बरामद गरको छ । बरामद कपडाहरु कति मूल्यको छ ?त्यो अहिले नै भन्न सकिदैन। मुल्यांकन गर्न समय लाग्छ । यस बारेको विस्तृत विवरण प्रहरीले आँफै सार्वजनिक गरेर जानकारी गराउनेछ।'

यसैबिच छापा मार्ने टोलीमा रहेका एक सुरक्षाकर्मीले बरामद कपडाहरु १० करोड भन्दा बढीको नै रहेको बताए । प्रहरी श्रोतका अनुसार, प्रहरीले बरामद गरेका ती कपडाहरु काजल ईम्पेक्सको रहेको बताइएको छ । प्रहरीले गोदममा छापा मार्ने क्रममै काजल ईम्पेक्सका रामएकबाल कुशवाहाले सञ्चारकर्मीसंग कुरा गर्दै ती कपडाहरु आफनो रहेको बताएका थिए।

# विराटनगरमा झडप, डीएसपीसहित सात घाइते



**टुडे समाचारदाता**

विराटनगर। कोशी प्रदेशको राजधानी विराटनगरस्थित रानीमा बिहीबार पनि झडप भएको छ।

बुधबार रामनवमीको अवसरमा एउटा समूहले निकालेको र्‍यालीलाई अर्को समूहले अवरोध गरेपछि झडप भएको थियो। त्यतिबेला मोरंग प्रहरीले बल प्रयोग गरेर दुवै समूहलाई तितरबितर पारेको थियो।

सोही विषयमा बिहीबार दिउँसो केही व्यक्तिले सभा गरे पछि प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको थियो। दुई जनालाई नियन्त्रणमा लिएको विरोधमा सुरु भएको प्रदर्शन उग्र भएपछि प्रहरीसँग झडप भएको थियो। झडपमा डीएसपी वेदप्रकाश जोशीसहित सात जना प्रहरी सामान्य घाइते भएका प्रहरीले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय मोरंगले अनुमति नलिई सभा जुलुस तथा भेला नगर्न बिहीबार सूचना जारी गरेको थियो। तर साढे ३ बजे विराटनगर महानगरपालिका-१५ रामजानकी मन्दिर अगाडि ८-९ जनाको समूह भेला भएको थियो।

सो भेला भएकामध्ये विराटनगर महानगरपालिका-१५ का २६ वर्षीय राजन झा, विराटनगर-१५ कै २४ वर्षीयका रितेश झालाई प्रहरीले नियन्त्रणमा लिएको थियो। त्यसको विरोधमा बिहीबार बेलुका ५ बजे एउटा समूहले आन्दोलन सुरु गरेको थियो।

आन्दोलनरत टोलीलाई प्रहरीले रोक्न खोजेपछि झडप भएको थियो। स्थिति नियन्त्रणमा लिन ८ सेल अश्रुग्यास प्रहार गरेको प्रहरीले जनाएको छ।

# मधेशमा संघीयता विरोधीहरु सक्रिय भए : अन्सारी

**टुडे समाचारदाता**



जनकपुरधाम । नेपाल संघयी समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवलाई भेट गरेर जनभावना अनुसार काम गर्न सुझाएका छन्।

प्रदेश सरकारले कामकारवाही प्रभावकारी हुन नसकेका कारण संघीयताको उद्गम स्थल मधेश प्रदेशमा संघीयता विरोध तत्वहरु सक्रिय भएको भन्दै अध्यक्ष अन्सारीले संघीयता र संविधानको संरक्षण गर्दै विकास निर्माणको कामलाई गती दिन मुख्यमन्त्री यादवसँग आग्रह समेत गरे।

बिहीवार विहान मुख्यमन्त्री निवासमा भएको भेटघाटमा अध्यक्ष अन्सारीले भने-' संघीयताको लागि पटक पटक मधेश आन्दोलन भएको छ, संघीयताकै लागि कयौ मधेशका छोराले शहादत दिएका छन्, मधेश आन्दोलनको जगमा निर्माण भएको यो सरकारलाई संघीयता व्यवस्थाको संरक्षण गर्नु पहिलो कर्तव्य हो। त्यसकारण संघीयताप्रति फैलिएको वितृष्णालाई चिर्ने गरी प्रदेश सरकारलाई काम गर्नुको विकल्प छैन।'

मुलुकमा संघीयता विरोधी तत्वहरु सक्रिय रहेको उल्लेख गदै ' उनले भने-'हाम्रो पार्टी संघीयता पक्षधर पार्टी हो । त्यसकारण बिना शर्त प्रदेश सरकारलाई विश्वासको मत दिदै आएको छु। त्यो विश्वासको वातावरण कायम राख्न प्रदेश सरकारको दायित्व हो।'

समाजमा पछाडि परेका वर्ग, दलित, मुस्लिम,आदीवासी जनजातीसहितलाई आर्थिक सामाजिक, शैक्षिक सुधारको क्षेत्रका काम गर्न उनले मुख्यमन्त्रीसँग अनुरोध गरे । सँगै लामो समयदेखि प्रदेश सभामा रहेको मदर्शा शिक्षा विद्येयकलाई पास गराई मदर्शाहरुलाई राज्यको मुलधारको शिक्षामा सामेल गराउनुपर्ने उनले मुख्यमन्त्रीसँग माग समेत गरे।

# बौद्ध जात्राको तयारी पूरा

**टुडे समाचारदाता**

काठमाण्डु। यही वैशाख १० गते बौद्ध क्षेत्रमा मनाउन लागिएको बौद्ध तेमाल जात्राको तयारी पूरा भएको छ। बौद्ध तामाङ कल्याण गुठीको संयोजन र बौद्धनाथ क्षेत्र विकास समितिको आयोजनामा हुन लागेको जात्राको आवश्यक तयारी पूरा भएको विहिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

प्रत्येक वर्षको चैत पूर्णिमाको अघिल्लो दिन मनाइने यो जात्रा यस वर्ष यही वैशाख १० गरे मनाउन लागिएको हो। जात्रा सम्पन्न गर्नका विभिन्न उपसमितिहरु गठन गरिएको छ।काभ्रे पलाञ्चोकस्थित तेमाल क्षेत्रका तामाङहरु आफ्ना दिवङ्गहरुको आत्माको चीर शान्तिको कामना गर्दै बौद्ध महाचैत्यमा पूजाआज गर्ने, दीप प्रज्वलन गर्ने भएकाले यस जात्राको नाम तेमाल जात्रा रहन गएको हो।

जात्रामा काभ्रेपलाञ्चोकलगायत विभिन्न स्थानमा बसोबास गर्ने तेमालहरुको उपस्थिति रहने आयोजकको भनाइ छ। सो जात्राका क्रममा पितृ मोक्षका लागि बालाजु बाइसधारामा स्नान गरी स्वयम्भूको महाचैत्यमा पुगी पूजा गर्ने पनि चलन छ। उनीहरु रातभर जाग्राम बसी छ्योइमे बत्ती बाली पितृहरुको मोक्षका लागि कामना समेत गर्दछन्। जात्रामा नेपालका विभिन्न जिल्ला तथा भारतलगायतका मुलुकबाट ६० हजारभन्दा बढी भक्तजनहरु सहभागी हुने आयोजकको भनाइ छ।

# सशस्त्रद्वारा प्याज बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा एक ट्रक प्याज सशस्त्र प्रहरीले बरामद गरेको छ।

जिल्लाको शहीदनगर नगरपालिका-२ स्थित तीनकोरिया-वीरेन्द्रबजार सडकखण्डबाट ना.८ ख ६३०० नम्बरको प्याज बोकेको ट्रकसहित नियन्त्रणमा लिएको धनुषा सशस्त्र प्रहरीले जनाएको छ। सो ट्रकमा १५२ थान बोरामा प्याज रहेको पाइएको छ। भने सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण धनुषाले कागजपत्र शंकास्पद देखिएपछि प्याजसहित ट्रक नियन्त्रणमा लिइएको जनाएको छ।




सो प्याज ३ लाख २७ हजार रुपैयाँ र ट्रकको २२ लाख रुपैयाँ मूल्यांकन गरी आवश्यक कारबाहीका लागि जनकपुर भन्सार कार्यालय पठाइएको जनाएको छ।

धनुषा जिल्लाको विभिन्न नाका भइ चोरी पैठारी गरी सरसमान भित्र्याउने गरिएको छ । दैनिक उपभोग्यका सामग्रीहरु ल्याउनेलाई नाकामै कडाइ गरिए पनि तस्करी गर्नेहरु भने नेपालबाट भारत तर्फ मदिरा पठाउने र उत्ताबाट प्याज, चिनी, तेल लगायतका सामग्रीहरु ल्याउने गरेका छन्।

# बजेट सम्वन्धी समस्या समाधान गरिने : सांसद यादव

**टुडे समाचारदाता**

जनकपुरधाम। संघीय सांसद तथा सार्वजनिक लेखा समितिका सदस्य रामकृष्ण यादवले मधेश क्षेत्रका स्थानीय तहमा देखिएको बजेट सम्वन्धी समस्या समाधान गरिने बताएका छन्। मधेश क्षेत्रका पालिका भन्दा अन्य क्षेत्रको पालिकामा सरकारले बढी बजेट दिने गरेका कारण ती क्षेत्रमा विकास निर्माण गर्न सहज हुने गरेको गुनासोलाई सम्वोधन गर्दै सांसद यादवले लेखा समितिमा यो कुरा उठाउने बताए।

प्रतिनिधि सभा सार्वजनिक लेखा समिति संघीय सांसद यादवको संयोजकत्वमा वीरगञ्ज पुगेका टोलीलाई सो गुनासो गरिएको छ। वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहको गुनासोलाई सम्वोधन गर्दै सांसद यादवले सो कुरा बताएका थिए।

छलफलमा मेयर सिंहले संघीय सरकारले दिने बजेटमा विभेद गरिएको आरोप लगाएका थिए । उनले भरतपुर महानगरपालिका भन्दा पनि धेरै कम बजेट आईरहेकोले आगामी बजेटमा न्यायोचित बजेट विनियोजन गरिदिन आग्रह गरे। उनले भरतपुर महानगरमा ३९० करोड र बीरगन्ज महानगरपालिकाले मात्र ११५ करोड बजेट पाउनु दुखद रहेकोले सार्वजनिक लेखा समितिको ध्यानाकर्षण गराएका थिए।

सो अवसरमा संघीय सांसद अमरेश कुमार सिंह, प्रदीप यादव , देव प्रकाश तिमिल्सिना, प्रभु हजरा , प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषाल, प्रहरी उपरिक्षक कुमोध ढुङ्गेल लगायतको सहभागिता रहेको थियो।

# तत्काल जग्गा कित्ताकाट प्रक्रिया सुरु गर्न माग गर्दै ध्यानाकर्षण पत्र

**टुडे समाचारदाता**

राजविराज। नक्शा सहित भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि प्रतिवेदन बुझाई सक्दा पनि जग्गा कित्ताकाट प्रक्रिया सुरु गर्न ढिलाई भएको भन्दै बिहीबार भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालयलाई ध्यानाकर्षण पत्र बुझाइएको छ।

रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवको अगुवाईमा दुबै कार्यालयका प्रमुखलाई ध्यानाकर्षण पत्र बुझाइएको छ।

भू-उपयोग (पहिलो संसोशधन) नियमावली २०८० मा भू-उपयोग क्षेत्र तथा विवरण अधावधिक गर्नु पर्ने ब्यवस्था छ । यस्तै सोही ऐनमा सो मध्ये कुनै एक भु-उपयोग क्षेत्रको नक्शा वा विवरण अधावधिक गर्न बाँकि रहेता पनि वर्गीकरण भएको क्षेत्रमा यस नियमावलीको अधिनमा रही कित्ताकाट गर्न सकिने उल्लेख छ। तर सो अनुसारको प्रक्रिया अघि बढाउन नापी र भूमिसुधार तथा मालपोत कार्यालयले ढिलाई गरे पछि ध्यानाकर्षण पत्र बुझाइएको रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले बताए।

उनले गाँउपालिका भित्र रहेको स्थानीयको आवश्यक्ता, नापी विभागबाट प्राप्त विवरण तथा भु-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड २०८० लाई आधार लिई गाउँकार्य पालिकाबाट समेत निर्णय गरीएको पत्र सहित तत्काल कित्ताकाट सुरु गर्न ध्यानाकर्षण पत्र बुझाइएको उनले बताए ।




उनले गाउँपालिका क्षेत्र भित्रका कृषि, आवासिय, व्यवसायीक, औधोगिक, खानी तथा खनीज, वन, नदी, खोला, ताल, सिमसार, पुरातात्विक महत्व लगायतका क्षेत्रको परार्मशदाता कम्पनी वियोङ्ग इमाजिलेशन कन्सट्रक्सन प्रा.लि.को सहयोगमा वर्गीकरण कार्य सकिएको र सोको प्रतिवेदन समेत बुझाएको लामो समय वितिसक्दा पनि जग्गा कित्ताकाट प्रकृया सुरु नहुँदा समस्या भएको बताए।

ध्यानाकर्षण पत्र बुझ्दै सम्बन्धीत कार्यालयका प्रमुखहरुले भू-उपयोग नियमावलीको परिधिमा रही छिट्टै जग्गा कित्ताकाट प्रक्रिया सुरु गर्ने आश्वासन दिएको रुपनी गाउँपालिकाले जनाएको छ।

> “ रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवको अगुवाईमा दुबै कार्यालयका प्रमुखलाई ध्यानाकर्षण पत्र बुझाइएको छ ।
> भू-उपयोग (पहिलो संसोशधन) नियमावली २०८० मा भू-उपयोग क्षेत्र तथा विवरण अधावधिक गर्नु पर्ने ब्यवस्था छ ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय। |
| बृष | : प्रेम प्रसंग, मित्र सुख। |
| मिथुन | : सुख समृद्धि हुने। |
| कर्कट | : भ्रमण अवसर हुने। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| वृश्चिक | : नयाँ कार्य हुने। |
| धनु | : बौद्धिक क्षमता। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : शिक्षामा उन्नति। |
| मीन | : पारिवाहिक सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**माहेश्वरी महिला मञ्च विराटनगरद्वारा** बिहीवार अतिथि सदनमा आयोजित सामूहिक विवाहमा १५ जोडी आदिवासी युवायुवती विवाहमा सहभागी हुँदै । *तस्बिरः रासस*

# निष्पक्ष ढंगले उपनिर्वाचन सम्पन्न गराउन आयोगको आग्रह




**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले यही वैशाख १५ गते हुने उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी रूपमा सम्पन्न गर्न गराउन नेपाल सरकारलाई सहयोगको आग्रह गरेको छ।

उपनिर्वाचन हुने जिल्लामा विद्युत्, खानेपानी, यातायात, सञ्चार, स्वास्थ्य, दमकल जस्ता सेवा तन्दुरुस्त राख्न र निर्वाचन क्षेत्रमा खटाइएका सुरक्षाकर्मी, कर्मचारीलाई सुरक्षित कार्य सम्पादन गराउने वातावरण बनाउन सरकारलाई आग्रह गरेको हो।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा विहिबार जारी विज्ञप्तिमा सम्बद्ध निकायबाट कार्यान्वयन गर्ने गराउने गरी आवश्यक सहयोग तथा निर्देशन गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा लेखी पठाउने निर्णय गरेको आयोगले जनाएको छ ।प्रतिनिधिसभाको इलाम क्षेत्र नं २ र बझाङको प्रदेशसभा निर्वाचन क्षेत्र नं. १ मा हुने उपनिर्वाचन सम्पन्न गर्न गत चैत २८ गतेदेखि आचारसंहिता लागू भएको छ।

> आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा विहिबार जारी विज्ञप्तिमा सम्बद्ध निकायबाट कार्यान्वयन गर्ने गराउने गरी आवश्यक सहयोग तथा निर्देशन गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने निर्णय गरेको आयोगले जनाएको छ ।

# बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाइँदै

**टुडे समाचारदाता**

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवा विभागले विहिबार र शुक्रबार पाँच वर्ष मुनिका बालबालिकाका लागि राष्ट्रिय भिटामिन ‘ए’ कार्यक्रम सञ्चालन गरिरहेको छ । दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा भिटामिन ‘ए’ क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका र जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइँदैछ।



विभागका पोषण शाखा प्रमुख लीलाविक्रम थापाले करिब ३२ लाखलाई भिटामिन ए र करिब २९ लाख बालबालिकालाई जुकाको औषधि खुवाउने योजना रहेको जानकारी दिए । “हरेक वडामा स्वास्थ्य स्वयंसेविकाहरूले बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाउने छन्”, उनले भने, “अभिभावकले आफ्ना बालबालिकालाई पायक पर्ने ठाउँमा लगेर भिटामिन ए र जुकाको औषधि खुवाउन सक्नुहुन्छ।”

कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी खटिएका थापाले जानकारी दिए। सरकारले प्रत्येक वर्ष कात्तिक र वैशाखमा बालबालिकालाई भिटामिन ‘ए’ र जुकाको औषधि निःशुल्क खुवाउने गरेको छ।


भिटामिन र जुकाको औषधिले स्वास्थ्य जटिलता र कुपोषणको जोखिम न्यूनीकरण गर्ने स्वास्थ्य सेवा विभागले जनाएको छ।

# ‘नवीकरणीय ऊर्जा वर्ष’मनाउने तयारी

**काठमाण्डु** । सरकारले यस वर्ष (विसं २०८१)लाई नवीकरणीय ऊर्जा वर्षको रूपमा मनाउने भएको छ । नेपाल नवीकरणीय ऊर्जा परिसङ्घको प्रस्ताव अनुसार ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले त्यसका लागि प्रक्रिया थालेको छ। नवीकरणीय र स्वच्छ ऊर्जाको विकास र विस्तार गर्ने लक्ष्यका साथ सरकारले नवीकरणीय उर्जा वर्ष मनाउन आवश्यक प्रक्रिया अगाडि बढाएको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले परिसङ्घको प्रस्तावलाई सकारात्मक रूपमा लिँदै आवश्यक निर्णय गर्ने बताउनुभयो। परिसङ्घका अध्यक्ष गुणराज ढकालले ऊर्जा मन्त्रालय र मन्त्री बस्नेतले परिसङ्घो प्रस्तावलाई सकारात्मक रूपमा लिँदै वर्षभरि नै नवीकरणीय ऊर्जा वर्षको रूपमा मनाउने विश्वास दिलाउनुभएको जानकारी दिनुभयो ।पछिल्ला दिनमा जलविद्युत्का अलावा अन्य ऊर्जाका स्रोतको विकास र बढोत्तरी भइरहेको छ भने ऊर्जा मिश्रणको अवधारणामा पनि सरकारले काम गरिरहेको छ । सौर्य, वायु ऊर्जामा सरकार र दातृ निकायले पनि उल्लेख्य लगानी गरिरहेका छन् ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले नवीकरणीय र वैकल्पिक ऊर्जाको क्षेत्रमा भएका पछिल्ला प्रगतिलाई संस्थागत गर्ने लक्ष्यका साथ नवीकरणीय ऊर्जा वर्षको रूपमा अगाडि बढाउन मन्त्रालय सकारात्मक रहेको बताउनुभयो । उहाँका अनुसार सरकारले अवलम्बन गरेको नीति तथा नियमका बारेमा आवश्यक जानकारी गराउने र यस क्षेत्रमा काम गरिरहेका सङ्घसंस्थालाई सवल बनाउने लक्ष्य राखिएको छ।




नेपाल नवीकरणीय ऊर्जा परिसङ्घले सरकारसमक्ष वर्ष २०८१ लाई ‘नवीकरणीय ऊर्जा वर्ष’ घोषणा गरी तदअनुरुपका नीति, योजना र कार्यक्रम तर्जुमा गर्न प्रस्ताव गरेको छ । वर्ष २०८१ लाई सबैका लागि उपलब्धिमूलक बनाउन सघन सहकार्य गर्न आह्वान गर्दै आ-आफ्नोतर्फबाट अधिकतम् योगदान गर्ने र सफलता प्राप्त गर्ने परिसङ्घका अध्यक्ष ढकालले जानकारी दिनुभयो।

जलवायु परिवर्तनका कारण पृथ्वीको तापक्रम बढिरहेकाले त्यसलाई नियन्त्रण गर्न मुख्यतया खनिज इन्धनको खपत शून्यमा पुर्याउनु आवश्यक छ भन्ने विश्वव्यापी बुझाइलाई आत्मसात् गर्न जरुरी रहेको परिसङ्घको भनाइ छ ।सन् १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा सम्पन्न अर्थ समिट, सन् १९९४ मा जापानको क्योटोमा सम्पन्न क्योटो सम्मेलन, सन् २०१५ मा फ्रान्सको पेरिसमा आयोजित कोप-१६, सन् २०२१ मा बेलायतको ग्लासगोमा आयोजित कोप-२६ र सन् २०२३ मा संयुक्त अरब इमिरेट्समा आयोजित कोप-२८ ले नवीकरणी ऊर्जाको विकास र विस्तारमा जोड दिएको छ।

> नेपालले विश्वस्तरीय अभिसन्धि तथा विभिन्न समझदारीमा ऐक्यबद्धता जनाएको र २०७५ को वैशाखमा नेपाल सरकारबाट जारी गरिएको श्वेतपत्र, राष्ट्रिय आवधिक योजनाहरु तथा राष्ट्रिय प्रतिबद्धताले पनि यसलाई नेपालले प्राथमिकतामा राखेको छ ।

सन् २०३० सम्म सबैलाई आधाभूत सुविधामा पहुँच पुर्याउने लक्ष्यसहितको दिगो विकास लक्ष्यलाई मानक मानिएको छ । जसमा प्रमुख सूचकमध्ये नवीकरणीय ऊर्जा पनि रहेको छ। त्यस्तै कोप-२८ मा खनिज इन्धनको प्रयोगलाई पूरै बन्द गर्नुपर्ने माग भए पनि क्रमैसँग घटाउने सहमति भएपछि नवीकरणीय ऊर्जाको महत्व र उपादेयता उजागर भएको छ।

सन् २०३० सम्म नवीकरणीय ऊर्जाको क्षमता तीन गुणा र ऊर्जा दक्षता दुई गुणा पुर्याएर जलवायु परिवर्तनको असर नियन्त्रण गर्नुपर्ने समझदारीलाई पनि अत्यन्तै उत्साहजनक मानिएको छ । नेपालमा जलविद्युत्, लघुजलविद्युत्, सौर्य विद्युत्, सौर्य तापीय, बायोग्यास, बायोमास, वायु ऊर्जाजस्ता नवीकरणीय ऊर्जाका प्रविधि उपलब्ध छ।

नेपालले विश्वस्तरीय अभिसन्धि तथा विभिन्न समझदारीमा ऐक्यबद्धता जनाएको र २०७५ को वैशाखमा नेपाल सरकारबाट जारी गरिएको श्वेतपत्र, राष्ट्रिय आवधिक योजनाहरु तथा राष्ट्रिय प्रतिबद्धताले पनि यसलाई नेपालले प्राथमिकतामा राखेको छ ।ऊर्जा श्वेतपत्रमा नवीकरणीय ऊर्जा दशक २०७५-२०८५ हरेक घर ऊर्जा घर, हरेक बस्तीः ऊर्जा बस्ती, सबैका लागि स्वच्छ भान्छाजस्ता महत्वाकाङ्क्षी लक्ष्य समावेश गरिएको छ । खाना पकाउन विद्युतीय उपकरण, यातायातका साधन विद्युतीय ऊर्जाबाट चल्ने र उद्योगधन्दाका लागि बिजुलीमा पनि जोड दिएर नीति कार्यक्रम र योजना समावेश गरिँदै आएको छ।रासस

# परीक्षा केन्द्रको निर्धारण स्वचालित विधिद्वारा

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षा केन्द्र निर्धारण स्वचालित (र्यान्डम) प्रक्रियाबाट गर्ने भएको छ। स्वचालित विधि हाललाई काठमाडौं जिल्लाबाट नमूनाका रुपमा कार्यान्वनमा ल्याइने छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले परीक्षा केन्द्रलाई प्रभावमा पारी आफ्नो विद्यार्थीलाई सजिलो र प्रतिस्पर्धी विद्यालयका विद्यार्थीलाई दुःख दिने नियतबाट अब केन्द्र निर्धारण नगर्न निर्देशन दिनुभएपछि बोर्डले नयाँ थालनी गर्न लागेको हो। यो विधिमा हरेक विद्यालयका परीक्षार्थीको संख्या र परीक्षा केन्द्रको सिट संख्याका आधारमा विद्यालय र केन्द्रको दूरी निकालेर विद्यालयबाट नजिक पर्ने केन्द्रलाई प्राथमिकता दिइएको छ । सकभर औसतमा एक सय ५० भन्दा बढी परीक्षार्थी एकै केन्द्रमा नपर्ने गरी केन्द्र बाँडिएको छ।

एउटै सञ्चालक भएका विद्यालयहरूमा केन्द्र नपर्ने गरी छनोट गरिएको थियो भने दुई परस्पर विद्यालयका परीक्षार्थीको केन्द्र एक अर्कामा पनि नपर्ने गरी व्यवस्था गरिएको जनाइएको छ।

# लगानी कोष र सिउरी न्यादीबीच शेयर प्रत्याभूतिसम्बन्धी सम्झौता

**टुडे समाचारदाता**

काठमाण्डु । नागरिक लगानी कोष र सिउरी न्यादी पावर लिमिटेडबीच सेयर प्रत्याभूतिसम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ। सिउरी न्यादीले निष्कासन गर्न लागेको साधारण शेयरको कोषले प्रत्याभूति गर्नेसम्बन्धी सम्झौता विहिबार हस्ताक्षर भएको हो।

सम्झौतामा कोषको तर्फबाट कार्यकारी निर्देशक पर्वतकुमार कार्की र न्यादी पावरको तर्फबाट अध्यक्ष शैलेन्द्र गुरागाईंले हस्ताक्षर गरेका छन् । न्यादीले प्रतिकित्ता एक सयका दरले तीन



करोड तीन लाख ६० हजार सात सय ८४ कित्ता शेयर निष्कासन गर्दैछ।

उक्त शेयरको तीन अर्ब तीन करोड ६० लाख ७८ हजार चार सय बराबरको शेयर प्रत्याभूति कोषले गर्ने भएको हो। यसभन्दा अघि पनि कोषले धेरै कम्पनीसँग शेयर प्रत्याभूतिको कार्य गरिसकेको छ।

# नेकपा एसको केन्द्रिय बैठक वैशाखको अन्त्यमा हुने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले केन्द्रीय कमिटी बैठक यही वैशाख २८ र २९ गते काठमाडौंमा आह्वान गरेको छ। बैठकमा पार्टीको आसन्न महाधिवेशनका लागि वैचारिक दृष्टिकोणमा छलफल गरिने छ । पार्टीका महासचिव घनश्याम भुसालले बैठकमा जनवर्गीय सङ्गठनका कार्य प्रगति, समसामयिक राजनीतिक अवस्था, नवीकरण गरिएका सङ्गठित सदस्यको अनुमोदनलगायत विषयमा छलफल हुने जानकारी दिए।





बैठकमा प्रदेश, क्षेत्र र भूगोलको सन्तुलन मिलाएर आवश्यक स्थानमा नेताहरुको जिम्मेवारी बाँडफाँड, आगामी असारमा हुने राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि छनौटका मापदण्ड तय गरिने छ ।बैठकमा पार्टी अध्यक्ष माधवकुमार नेपालले समसामयिक राजनीतिक प्रतिवेदन तथा महासचिव भुसालले साङ्गठनिक प्रतिवेदन पेस गर्नेछ । पार्टीले आगामी असार १६ देखि २० गतेसम्म काठमाडौंमा राष्ट्रिय महाधिवेशन आयोजना गर्न लागेको छ।

गणेशमान चारनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विरेन्द्रबजार, धनुषा
मधेश प्रदेश, नेपाल

क्याटलग/ब्रोसर सपिङ विधिबाट एम्बुलेन्स खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/०१/०६

आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार एम्बुलेन्स क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन ३.३० बजेसम्म यस कार्यालयमा रितपूर्वक सिलबन्दी निवेदन दर्ता गराउन आहवान गरिएको छ। दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिन ४.०० बजे खोलिनेछ। यो सम्बन्धी विस्तृत सूचना यस कार्यालयको सूचना पाटी तथा वेबसाइट https://ganeshmancharnathmun.gov.np/ मा समेत हेर्न सकिनेछ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सभामुखको अमर्यादित कार्य

मधेश प्रदेशमा मुख्यमन्त्री सरोज कुमार यादवले विश्वासको मत लिने बेला भएको अवरोध र तोडफोडको क्रममा सभामुख रामचन्द्र मण्डलले अमर्यादित कार्य गरेका छन् । उनले विपक्षी दलका सभासदहरुलाई मार्शल लगाएर निकाल्ने क्रममा उनलाई निकाल भने जस्ता अमर्यादित र असंसदीय शब्दहरुको प्रयोग गरे । प्रदेश सभाको बैठकमा उच्छृंगखल कार्य गर्नेहरुलाई सभाकक्ष बाहिर निकाल्ने, निलम्बन गर्ने लगायतका अधिकारहरु सभामुखसित हुन्छ । तर संसद बैठकमा सबै काम मर्यादा भित्र हुनुपर्छ। सभासदलाई बाहिर निकाल्ने सुरक्षाकर्मीलाई पनि सदनमा मर्यादापालक भनिन्छ। उनलेपनि मर्यादालाई पालनगर्दै मर्यादाको पालना गराउँछन् । सभासदहरुले पनि लोकतान्त्रिक अभ्यास गर्दा शान्तिपूर्ण र संयमित हुनुपर्छ । संसद अत्यन्त गरिमामय स्थल हो । जहाँ जनताबाट चुनिएर गएका जनप्रतिनिधिहरुले स्वतन्त्र रुपमा आफ्ना अभिव्यक्ती राख्न पाउँछन् । संसदमा बोल्ने विषय अदालतको क्षेत्राधिकार भन्दा समेत बाहिर रहेकाले सांसदहरुको भूमिका झन मर्यादित हुन आवश्यक छ। संसदमा अभिभावकत्व निर्वाह गर्ने सभामुख झन मर्यादित, शिष्ट र सबैलाई विश्वासमा लिएर अगाडि बढन सक्ने हुनुपर्छ । जस्तो सुकै परिस्थितिमा समेत धैर्य नगुमाउने, अशिष्ट शब्द प्रयोग नगर्ने, अन्तिम सम्म सहजकर्ताको भूमिका निर्वाह गर्ने र सत्तापक्ष र प्रतिपक्ष दुवैलाई आफ्नो ठानेर सहज वातावरण बनाउने भूमिका सभामुखको हुनुपर्छ। सभामुखले निष्पक्ष र तटस्थ भन्दा पनि संसदलाई सहज रुपमा सञ्चालन गर्ने कुशल नेतृत्वकर्ता हुनुपर्छ । प्रदेश सभाको बैठक चलेको बेला अथवा नचलेको बेला सभामुखले दलका नेता, प्रमुख सचेत लगायत सभासदहरुसित पनि मधुर सम्बन्ध बनाइराख्नु पर्छ । सभामुखले संसदलाई गरिमामय बनाउने उत्तरदायित्व निर्वाह गर्नुपर्छ । सभामुख भनेको तानाशाह होइन् । माओवादीकाल अहिले छैन् । कसैको घर अगाडि राती उभिएर मोबाइलबाट तथानाम गालीगर्दै अनेक प्रकारको धम्की दिएर रकम असुली गर्ने अब वातावरण छैन् । त्यै शैलीमा अहिले हाकिमलाई धम्काउने, कागजात लुट्ने जस्ता कार्यहरु गर्नु पूर्व सोच्नु पर्छ । माओवादीको नाममा लुट मच्चाउने र दल बदल्दै अकुत सम्पत्ती कुम्ल्याउने, राज्यलाई अनावश्यक भार पर्ने गरी कर्मचारी भर्ना गरी कमिसन खाने कामहरुको विषयमा पनि प्रदेश सभामा आवाज उठनु पर्छ । प्रदेश सभाले सकारात्मक र अनुकरणीय सन्देश दिनुपर्छ । प्रदेश सभाको सबै गतिबिधिलाई आमनागरिकले सुक्ष्म रुपमा हेरिरहेको हुन्छ । सभासद, सभामुख, प्रदेश सभा सचिवालय सबैले आ-आफ्नो भूमिकालाई मर्यादित रुपमा निर्वाह गर्नुपर्छ । कानुनको दायरा भन्दा बाहिर नगए संसद सदैव मर्यादित रहनेछ ।

# असमानता निम्त्याउने बजेट र कर प्रणाली

रिसव गौतम

राष्ट्रिय तथ्याङ्क कार्यालयले हालै सार्वजनिक गरेको जीवनस्तर सर्वेक्षण अनुसार नेपालमा २०.२७ प्रतिशत मानिस अझै गरिबीको रेखामुनि छन् । गरिबीको रेखामुनि रहेको जनसर्‍या गाउँमा २४.६६ र सहरमा १८.३४ प्रतिशत छ ।

लोकतान्त्रिक गणतन्त्र, समाजवाद उन्मुख संविधान, बहुलवाद र उदारीकरण, निजी क्षेत्रमैत्री अर्थव्यवस्था आदि जे-जस्ता उपलब्धि हासिल भए भनिए पनि नेपालमा आर्थिक असमानता घट्न सकेको छैन । गरिबीको अवस्थालाई शून्यमै झार्ने लक्ष्यसहित १५ वटा पञ्चवर्षीय योजना देशले गुजारिसकेको छ। अहिले १६औं पञ्चवर्षीय योजना निर्माणमा आयोग व्यस्त छ । अब आउने योजना पनि गरिबी घटाउन र सघन आर्थिक विकास गर्नमै केन्द्रित रहनेछ । तर त्यस्ता आवधिक योजना र विभिन्न तहका सरकारले ल्याउने बजेट तथा नीति कार्यक्रमबिच कहिल्यै कतै तादात्म्यता देखिन्न । फलस्वरूप शून्य गरिबी, भोकमरी र आर्थिक विकासको सपना हार न जितको युद्धजस्तो भएको छ ।

आर्टिफिसियल इन्टेलिजेन्सी (एआई)ले गाइड गर्न थालेको डिजिटल प्रविधियुक्त आजको युगमा नेपाल दक्षिण एसियामा अफगानिस्तानपछि छ, मध्य अफ्रिकन मुलुकमा जस्तै गरिबी तथा असमानताको अवस्थाले जकडिएको छ । विश्वका देशहरूको औसत प्रतिव्यक्ति आय १४ हजार डलर रहँदा आज पनि नेपालीको प्रतिव्यक्ति आय १४ सय अमेरिकी डलरमा सीमित छ ।

टाठाबाठाले राज गरेको हाम्रोजस्तो देश जहाँ पहुँचमा आधारित बजेट र विकास आयोजना निर्धारण हुने गर्छन्; जहाँ धनी र गरिबबिचको खाडल फराकिलो छ, त्यहाँ प्रतिव्यक्ति आय १४ सय डलर पुग्न सजिलो छैन । जनताबाट चुनिएर जनताले नै शासन गर्ने गणतन्त्रजस्तो शासन व्यवस्था र समाजवादउन्मुख संविधान बनाइसकेको नेपालमा अझै पनि २१ प्रतिशत नेपाली गरिबीको रेखामुनि किन छन् ? गणतान्त्रिक समाजवादी अर्थव्यवस्थामा हुनुपर्ने आधारभूत मान्यता अनुरूपका बजेट, नीति कार्यक्रम र कर प्रणाली नभएरै यस्तो अवस्था सिर्जना हुन पुगेको छ । शासन व्यवस्था एकातिर र नीति कार्यक्रम अर्कोतिर भएपछि असमानता घट्नुको सट्टा बढ्नु नौलो होइन ।

अत्यन्त सानो आकारको व्यवसाय गर्नेलाई पनि भ्याटको बोझ लगाइएका छन् । कम्तीमा २० लाखसम्मको कारोबार गर्नेलाई भ्याट तथा आयकरको बोझ हटाएर भए पनि उद्यम-व्यवसायलाई सरकारले प्रोत्साहन गर्न जरुरी छ ।

अहिले नयाँ बजेट बन्ने क्रममा छ। बजेट बनाउन गरिबहरूको हकहितका खातिर १० वर्ष जनयुद्ध लडेर आएका अर्थमन्त्री लागिरहेका छन् । उनले गरिबी र असमानता घटाउने गरी बजेट ल्याउँछन् कि धनीहरूलाई झन् बढी धनी हुन सघाउने बजेट ल्याउने हुन् ! त्यो हेर्न बाँकी छ । जबसम्म बजेटले आर्थिक असमानता घटाउने, गरिबी र बेरोजगारी न्यूनीकरण गर्ने विषयमा सम्बोधन गर्दैन, तबसम्म देशमा असमानता हल हुने र समृद्धि सपना पूरा हुने विश्वास गर्न सकिँदैन । अबको बजेटले गरिबी र बेरोजगारीलाई नै पहिलो प्राथमिकता दिएर सम्बोधन गर्न जरुरी देखिन्छ। त्यसो नभए युवा बिदेसिएर देशै रित्तिने जोखिम बढेर जानेछ।

बजेट बन्दै गर्दा अहिले सघन बहस हुनुपर्ने अर्को विषय हो, कर प्रणाली । अहिले नेपालमा अत्यन्त सानो आकारको उद्यम-व्यवसाय गर्नेलाई र घनीभूत ठुला व्यवसाय गर्नेलाई पनि एकैखाले कर लगाइएका छन् । अत्यन्त सानो आकारको व्यवसाय गर्नेलाई पनि भ्याटको बोझ लगाइएका छन् । कम्तीमा २० लाखसम्मको कारोबार गर्नेलाई भ्याट तथा आयकरको बोझ हटाएर भए पनि उद्यम-व्यवसायलाई सरकारले प्रोत्साहन गर्न जरुरी छ। नयाँ बजेटले कम्तीमा त्यति मात्रै सम्बोधन गर्‍यो भने उद्यम-व्यवसायमा आएका र आउन चाहनेलाई राहत मिल्नेछ। जसले असमानता घटाउन र रोजगारी बढाउन मद्दत गर्नेछ।

अहिले पुँजीको आयतन शीघ्र बढाउने बैंक, बिमा, पुनर्बिमा, हाइड्रो, स्टक एक्चेन्ज, व्यापार आदि अधिक धनीहरूको पोल्टामा पर्ने गरेका छन् । किनकि ठुला व्यापारीले चलाउने त्यस्ता संस्थाले तिनै व्यापारीकै हितमा काम गरिरहेका छन् । पुँजीको स्रोत उनीहरूकै व्यापारको श्रीवृद्धिमा घुमिरहेका छन् । फलस्वरूप अहिले बैंकहरूमा साढे ५ करोड निक्षेप खाता रहँदा त्यसको ५ प्रतिशतमा पहुँचवालाहरुकै पहुँच देखिन्छ ।




एक त नेपालमा धनीहरूले तिर्ने कर अन्यत्र देशहरूमा भन्दा न्यून मात्र छ । त्यसमाथि सबैभन्दा बढी कर छली गर्ने, नक्कली भ्याट बिल, बिजक प्रयोग गर्नेहरू पनि तिनीहरू नै रहने गरेका छन्, जो समाचारमा पनि आइरहेका छन् । त्यसकारण कर प्रणाली धनी र गरिबबिचको खाडल घटाउने हिसाबको हुन जरुरी छ । ठुला व्यवसायी र साना व्यवसायीलाई एउटा सीमा तोकेरै आयकरको दर फरक-फरक हुनुपर्छ । प्रत्यक्ष रूपमा गरिबीमा रुमलिएका ग्रामीण क्षेत्रका जनतालाई स्थानीयदेखि सङ्घीय सरकारद्वारा लगाइएका अनावश्यक बोझिला कर हटाइनुपर्छ । राज्यले राजस्व आम्दानीका सिर्जनात्मक विकल्पमा ध्यान दिन जरुरी छ । ताकि त्यसबाट प्रत्यक्ष रूपमा गरिबी र असमानता कम गर्न सकियोस् र राज्यको पनि आर्थिक स्रोतको आवश्यकता पूरा होस् ।

अहिले गरिब जनताका छोरा शासन सत्तामा पुगे पनि धनी झन् धनी हुने तर गरिबको केही नलाग्ने नीति-कार्यक्रम लागु भएका छन् । आर्थिक रूपमा बोझिला आयोजना समयमै पूरा नभएपछि लागत बढेर झन् बोझिला भएका छन् । जनताको पसिनाको पैसा फगत खेर गइरहेका छन् । खर्च भइसकेका ती आयोजना कसरी समयमै सक्ने भनेर बजेटले सोच्न जरुरी छ ।

राज्यले न बेरोजगारीको समस्या हल गर्ने कोसिस गरेको छ, न बनाउने भनेर थालिएका महत्त्वपूर्ण आयोजना बेलैमा पूरा गरेको छ, न असमानता कम गर्ने सार्थक पहल गरेको छ ।अहिले राष्ट्रिय रूपमा अलिअलि जो गरिबी घटेको छ, त्यो राज्यको प्रयत्नले भन्दा २०५० सालपछि देशव्यापी रूपमा युवा कामको खोजीमा खाडी मुलुकमा गएर रेमिट्यान्स पठाउँदाको प्रतिफल हो । राज्यले न बेरोजगारीको समस्या हल गर्ने कोसिस गरेको छ, न बनाउने भनेर थालिएका महत्त्वपूर्ण आयोजना बेलैमा पूरा गरेको छ, न असमानता कम गर्ने सार्थक पहल गरेको छ । सरकारहरू केवल आफैँमा रुमलिएका छन्, स्रोतमा पहुँच राख्ने कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वका कैयौँ होनहार अनुहारमा भ्रष्टाचारको गोबर लतपतिएको छ ।

त्यसकारण बजेट बन्दै गर्दा तमाम बेथिति र निराशालाई त्यसले चिर्न सक्नुपर्छ । बजेट नै त्यस्तो औजार हो, जसले नमिलेका धेरै कुरा र निराशा चिर्न सक्छ । त्यसकारण आउँदो बजेट तथा नीति-कार्यक्रमले नयाँ योजनाभन्दा अनेकन् सुधार पहलकदमी लिओस् । मार्टिन लुथर किङले भनेका थिए, 'कुनै एक ठाउँको अन्याय सबै ठाउँको न्यायका लागि खतरा हो ।' त्यसकारण आर्थिक असमानता निम्त्याउने कर प्रणाली बजेटमार्फत निस्तेज हुनुपर्छ । राज्यमा के कारण निराशा बढेको छ, त्यो विषय कम्तीमा अर्थमन्त्रीले बुझ्न सक्नुपर्छ । अनि सोही निराशा चिर्ने र आर्थिक गतिशीलता बढाउने हिसाबले बजेट बनाइनुपर्छ ।

अब आउने बजेट विगतको जस्तो अर्थमन्त्री वा प्रधानमन्त्रीको जिल्ला केन्द्रित हुनु भएन । नयाँ आयोजना नेताहरूको बगलीबाट नभएर गम्भीर सम्भाव्यता अध्ययन र आवश्यकताको सिद्धान्तमा टेकर ल्याइनुपर्छ । अन्यथा जनताप्रति अन्याय हुनेछ । जनसंख्याको भार, गरिबीको अवस्था, मानवीयता, मानवीय आवश्यकताजस्ता सबै सूचकमा टेकर बजेट बनाइनुपर्छ । त्यस्तो बजेटले मात्र आम नेपालीको मन जित्न सक्छ ।

अहिले संसारभर फैलिएको नवउदारवादले असमान आर्जनलाई पनि अर्थतन्त्रको स्वाभाविक नियम मान्छ । पुँजीवादको सो खालको डढेलोका कारण विश्वमा अहिले एक अर्ब १० करोड बढी मानिस चरम गरिबीको चपेटामा छन् । हालै मात्र विश्वभरका धनीहरूको धनको गणित प्रस्तुत गर्ने फोब्सको नयाँ सूची सार्वजनिक भएको छ । जसअनुसार विश्वमा सन् २०२३ मा भन्दा सन् २०२४ मा अर्बपतिहरूको संख्या १४१ जनाले बढेर दुई हजार ७८१ पुगेको छ। विश्वका डलर अर्बपतिहरूको कूल सम्पत्ति १४.२ ट्रिलियन डलर पुगेको छ। जुन गत वर्षको भन्दा दुई ट्रिलियन धेरै हो । धनीहरूलाई प्रोत्साहन गर्ने राज्यका नीति, कार्यक्रम र कर प्रणाली विश्वभरि रहेकाले डलर अर्बपतिहरू बढिरहेका छन् । अथवा संसारभरि धनी र गरिबबिच खाडल बढ्नुमा कर प्रणालीहरूको असफलता नै प्रमुख कारण हो । जुन कुरा विश्वप्रसिद्ध अन्तर्राष्ट्रिय अनुसन्धान संस्था अक्सफाम लगायतले भन्दै आएको छ ।

विश्वमा औसत प्रतिव्यक्ति आय १४ हजार डलर हुँदा १४ सय डलर मात्र भएको हाम्रोजस्तो देशले विनोद चौधरीहरूलाई डलरमा अर्बपति बनाउने र अरु कतिपय विनोदकै हाराहारीमा पुग्नुले चरम आर्थिक असमानतालाई इङ्गित गर्छ । त्यसमा हाम्रा कर प्रणाली, आर्थिक असमानता निम्त्याउने बजेट र नीति कार्यक्रम दोषी छन् । हुने खाने र हुँदा खानेहरूको दूरी बढ्दो छ । सो दूरी घटाउन, आर्थिक असमानता कम गर्न वैज्ञानिक, न्यायिक हिसाबको कर प्रणाली र बजेट ल्याउने कुरामा अर्थमन्त्रीको ध्यान पुगोस् । (गौतम आर्थिक लेखक तथा विश्लेषक हुन् ।)

# किन बिदेसिन्छन् नेपाली ?



शैलेश सिंह

'पापा हजुर किन विदेश नगएको ? ठुलो भएपछि म त यहाँ बस्दिनँ है ।' कक्षा २ मा पढ्ने मेरो छोराले एक्कासि यस्तो भन्दा म अवाक् भएँ । उमेरले ऊ आठ वर्ष पुग्दै छ। विदेश किन नगएको भन्ने बालसुलभ प्रश्न भन्दा पनि भविष्यमा विदेश जानैपर्छ भन्ने उसको बालमस्तिष्कमा उब्जेको सोचले मलाई नराम्रोसँग झस्कायो ।

जुन विचार मेरो सानो छोरामा आएको छ; यसले नेपालमै केही गरेर देखाउनुपर्छ, सन्तानको भविष्य नेपालमै खोज्नुपर्छ भनेर यौवन खर्चिरहेका मजस्ता हजारौँ बाबुलाई ठुलै झट्का दिन्छ । छोराको कुराले म निरुत्तर भएँ नै, आफ्नो स्कुले जीवन सम्झन समेत पुगेँ । कक्षा ८-१० मा पढ्दा कसैले के बन्ने भनेर सोध्दा हामी विद्यार्थीको उत्तर हुन्थ्यो– डाक्टर, पाइलट, इन्जिनियर आदि । तर कसैलाई थाहा थिएन– डाक्टर, पाइलट र इन्जिनियर कस्ता पेसा हुन्; पढ्न कहाँ जानुपर्छ र पढेपछिको भविष्य के हुने हो ?

पढेर आफ्नो सन्तान ठुलो मान्छे भएको हेर्न हरेक अभिभावकले चाहन्थे उतिबेला, तर विदेश जाने कुरा गर्ने अभिभावक वा बालबालिका त्यति पाइँदैनथ्यो । आज विद्यार्थी तथा अभिभावकको चाहना, आवश्यकता, प्राथमिकता बदलिएको छ। समाजको पहिलो प्राथमिकता विदेश भएको छ। सायद मेरो छोरो पनि अहिलेको समाज बुझ्ने भइसकेछ कि ! म निकै घोत्लिएँ ।

'मेरो देश प्राणभन्दा प्यारो छ' भन्दै राष्ट्र, राष्ट्रियता, भाषा र स्वाभिमानको चर्को वकालत गर्दै आफ्नो जीवनको ऊर्जावान् समय खर्चेकाहरू पनि डीभी भर्न पहिलो पङ्क्तमा उभिएको मैले देखेको छु । नागरिकता र जन्मभूमि अनि देशप्रतिको दायित्वसँग सम्बन्धविच्छेद गर्न पाएकामा खुसी बाँड्न आयोजना गरिएका फेयरवेल पार्टीमा सहभागी हुँदै बधाई साटेकाहरूलाई पनि देखेको छु।



देश छाड्दै गर्दा एयरपोर्टमा खादा र माला लगाएको तस्बिर राखेर सामाजिक सञ्जालमा खुसियाली मनाउनु त फेसनजस्तै भएको छ। अचेल स्वाभाविक आकस्मिकता जस्ता लाग्ने यी अवस्था पछाडिका कारण के होलान् ? म फेरि घोत्लिएँ । तिमीहरुका लागि राज्य छ, विधिको शासन छ भनी जनतालाई आश्वस्त पार्न राज्यका उच्च पदस्थ वा नेताहरुले सकिरहेका छैनन् । यहाँ पहुँच वा चिनजान भए जे पनि हुन्छ, अन्यथा केही गर्न सकिँदैन भन्ने सामूहिक मानसिकता संस्थागत भइसकेको छ । राज्य छ भन्ने विश्वास जनतामा नहुनु नै पलायनको मुख्य कारणमध्ये एक रहेको छ।

विभिन्न सङ्गीन मुद्दामा सजाय पाएकाले आममाफी पाउनु, विश्वविद्यालयदेखि अदालतसम्म राजनीतिक नियुक्ति हुनु, पैसा र पहुँचको भरमा अपराधबाट उन्मुक्ति पाउनु, राम्रोभन्दा पनि हाम्रोले उच्च प्राथमिकता पाउनुजस्ता कुराले देशमा भएको कानुनी राज्यको धज्जी उडाइरहेको छ।

नेपालमा केही अवसर छैन, अब विदेश गइन्छ, देश टाट पल्टिइसक्यो भनेको सुन्नु अहिले सामान्यजस्तै भएको छ। नेपालमा गर्न सके अवसरै अवसर छन् भनेर सरकारले युवालाई विश्वास दिलाउन सकेको छैन । नेपालमा रहेका पाँच हजारभन्दा बढी वैदेशिक परामर्श संस्थाहरूले वैदेशिक अध्ययनमा विदेश पठाउनका लागि भनेर वार्षिक अर्बौं खर्च गरिरहेका छन् तर नेपालमा अवसरै अवसर छन् भनी जानकारी दिने सरकारी सूचना केन्द्र खै ? के हरेक वडा कार्यालयदेखि पालिका स्तरसम्म यस्ता सूचना केन्द्र राख्नु राज्यको दायित्वमा पर्दैन र ? यहाँ बुझ्नुपर्ने कुरा के छ भने गलत सूचना र देखासिखीका कारण पनि धेरै जनशक्ति बिदेसिन बाध्य छ।

अहिलेको समाजमा खासगरी नेपालजस्तो विकासोन्मुख देशमा दिन प्रतिदिन एउटा भाष्यले गहिरो स्थान लिइरहेको छ, त्यो भाष्य हो– पैसा कमाउनु नै सफल हुनु हो । तिमीहरूका लागि राज्य छ, विधिको शासन छ भनी जनतालाई आश्वस्त पार्न राज्यका उच्च पदस्थ वा नेताहरुले सकिरहेका छैनन् । यहाँ पहुँच वा चिनजान भए जे पनि हुन्छ, अन्यथा केही गर्न सकिँदैन भन्ने सामूहिक मानसिकता संस्थागत भइसकेको छ।

सफलता के हो भन्ने कुरा व्यक्ति, परिस्थिति र समाजअनुरूप फरक-फरक हिसाबले बहसको विषय बन्न सक्छ तर हामीजस्तो रीतिरिवाज, संस्कार र परम्परा भएको देशमा पैसा मात्र सबैथोक होइन; नैतिकता, धर्म तथा राष्ट्रियता आदिको महत्त्वपूर्ण स्थान हुन्छ । सफल हुनका लागि आर्थिक प्रगतिका साथै यी सबै कुरा अपरिहार्य हुनुपर्छ। व्यक्ति र राष्ट्र दुवै सँगसँगै सफल हुन हरेक नागरिकले राज्यको नीति तथा सिद्धान्तलाई अङ्गीकार गर्नुपर्छ भनेर नेतृत्व वर्गले बुझाउन नसक्नु आजको दुखान्त हो।

सरकारको अनावश्यक नियन्त्रण पनि आजको वैदेशिक पलायनको अर्को कारण हो । नियम, कानुन र विधिको शासनको प्रत्याभूति दिलाउनु सबै देशका सरकारको काम हो तर पुँजी निर्माणमा निजी क्षेत्रको भूमिका ठुलो हुन्छ।

पुँजी निर्माण गर्ने क्षेत्रलाई नियमन तथा सहयोग गर्ने काम सरकारले गर्ने हो; नेपालको हकमा करिब ८१ प्रतिशत अर्थतन्त्र निजी क्षेत्रले धानेको भए पनि सरकारबाट निजी क्षेत्रलाई आफ्नो अभिन्न अङ्गका रूपमा नहेरी सौतेनी व्यवहार गर्दै व्यवसाय दर्ता, नवीकरण तथा विभिन्न करको बहानामा अनावश्यक दुःख दिने काम भइरहेको पाइन्छ । जसका कारण विद्यार्थी, श्रमिक, लगानीकर्ता तथा बौद्धिक व्यक्तित्व पलायन भइरहेका छन् । व्यवसाय दर्ता गर्ने महिनौं लाग्ने; विभिन्न विभाग तथा निकायमा सोर्सफोर्स लगाउनुपर्ने; व्यवसाय सञ्चालन गर्दा विभिन्न किसिमका राजनीतिक, आर्थिक तथा अनावश्यक कानुनी झमेलाजस्ता समस्यासँग जुध्नुपर्ने बाध्यात्मक अवस्था हामीकहाँ छ । यो अवस्थालाई हामीले समयमै निराकरण गरेर युवालाई स्वदेशमै बस्ने वातावरणको सुनिश्चितता गर्न सकेनौं भने युवा तथा बौद्धिक व्यक्तिविहीन देश हुनेछ।

१० खर्बभन्दा बढी रेमिटान्स भित्र्याउने देशका लागि वैदेशिक यात्रा सामान्य तथा अपरिहार्यजस्तो लाग्न सक्छ । यहाँ राज्यको हरेक निकायले सोच्नुपर्ने बेला भइसकेको छ कि हाम्रो यो रेमिटान्स दीर्घकालीन हो कि अल्पकालीन ? यसका लागि हामीले पहिला यो बुझ्न जरुरी छ, हाम्रो देशबाट उच्च तथा मध्यम वर्ग र निम्न वर्ग गरी दुई किसिमका व्यक्ति बिदेसिइरहेको अवस्था छ।

निम्न वर्गका व्यक्ति भारत, खाडी, कोरिया तथा अन्य देश गइरहेका हुन्छन् । जसको वैदेशिक यात्राको उद्देश्य भनेकै श्रम गरी कमाएको पैसा नेपाल पठाएर जीविकोपार्जन गर्ने हो, रेमिटान्स भित्र्याउन अहं भूमिका यिनैको हुन्छ । साउदी अरेबिया, मलेसिया, कतार र भारतबाटै देशमा बढी मात्रामा रेमिटान्स भित्रिरहेको छ । यी चार देशबाट मात्र कुल रेमिटान्सको ५० प्रतिशतभन्दा बढी रेमिटान्स आउने गरेको छ । यस्ता देशबाट सीप सिकेर फर्केका व्यक्तिले इलम गर्न खोज्दा राज्यले पर्याप्त सहयोग गरेको पाइँदैन।

उच्च तथा मध्यम वर्गका व्यक्तिहरू सम्पन्न तथा शक्तिशाली देश (जस्तै : अमेरिका, क्यानडा, अस्ट्रेलिया, युरोपियन देश आदि)तर्फ गइरहेका छन् । यस्ता देशमा जाने व्यक्तिको उद्देश्य प्रायः समान रहन्छ– केही वर्षको अध्ययन तथा कामपछि त्यतै व्यवस्थित तरिकाले सेटल हुने । यस्ता देशमा गएका व्यक्तिहरू बिरलै मात्र देश फर्केको देख्न र सुन्न पाइन्छ । श्रमका लागि जाने देशमा भन्दा यस्ता देशमा जाने व्यक्तिको आय बढी भए पनि त्यता आर्जन गरेको आयलाई त्यतै जम्मा गरी त्यतै स्थापित भइरहेका हुन्छन् । कतिपयले नेपालको आफ्नो पुर्ख्यौली सम्पत्ति समेत बेचेर पलायन भइरहेको पाइन्छ । पछिल्लो समय पुँजी पलायनको एक मुख्य कारणमध्ये यो पनि एक हो । यस्ता व्यक्तिलाई राज्यले समयमै पहिचान गरी समय सुहाउँदो नीति अङ्गीकार गरी मानवीय र आर्थिक पलायन रोक्न नसके देश ठुलो सङ्कटमा पर्ने देखिन्छ।

देशले बौद्धिक पलायन रोकेन वा फिर्ता बोलाउन उपयुक्त नीति अङ्गीकार गरेन र नेपालमै गरिखाने किसिमको वातावरण बनाएन भने नेपालबाट युवा, बौद्धिक पलायन मात्र नभएर एक स्वाभिमान राष्ट्रको अस्तित्व समेत पलायन हुनेछ।

स्टाचु अफ लिबर्टी, ओपेरा हाउस र लन्डन ब्रिजसँगै खिचिएको फोटोले मात्र विदेशमा रहेका व्यक्तिको सुख, समृद्धि तथा सफलताको कहानी बताउँदैन । त्यो फोटोमा केवल मुस्कान झल्किएको हुन्छ, नेपालमा बस्नेले त्यही अनुहार देखेको हुन्छ। यस्ता तस्बिर पछाडिको पीडा नदेखेर पनि थुप्रै व्यक्ति बिदेसिइरहेको पाइन्छ। रिल जीवन र रियल जीवनबिचको यथार्थ जानकारी गराउने प्रभावकारी सरकारी संयन्त्र पनि हामीकहाँ अपरिहार्य देखिन्छ।

वास्तवमा विदेश गएर यस्ता तस्बिर पोस्ट गरिरहेकाहरू पनि उपयुक्त वातावरण पाए स्वदेश फर्किन खुट्टा उचालेर बसेका छन् । मेरो छोराजस्तै आजका बालबालिकाको मस्तिष्कमा देशमै केही गर्छु भन्ने सोच र सपना ल्याउन राज्यले प्रभावकारी कार्यक्रम ल्याउनैपर्छ।

# ‘जैविक विविधता संरक्षणका निम्ति अनुकूलन कोषबाट सहयोग हुनुपर्ने’

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले नेपालजस्ता जलवायु परिवर्तनका प्रभावको जोखिममा रहेका देशलाई विकसित राष्ट्रले क्षतिपूर्ति दिनुपर्ने बताएका छन् ।



जलवायु परिवर्तनका प्रभावको जोखिममा रहेका मुलुकहरुको समूह (भी-२०) का अर्थमन्त्रीहरुको बुधबार वासिङ्टनमा भएको बैठकमा उनले नेपालजस्ता हिमाली देशलाई जैविक विविधता संरक्षणका निम्ति अनुकूलन कोषबाट सहयोग हुनुपर्ने बताए । अर्थमन्त्रीले जलवायु परिवर्तनका प्रभावको जोखिम घटाउन तथा त्यसबाट भएको क्षति परिपूर्ति गर्न अनुकूलन कोष, विकसित राष्ट्र र अन्य अन्तर्राष्ट्रिय निकायले नेपाललगायत जलवायु परिवर्तनमा कुनै योगदान नगरेका देशलाई क्षतिपूर्ति दिनुपर्नेमा जोड दिएको वासिङ्टनस्थित नेपाली राजदूतावासले जनाएको छ ।

अर्थमन्त्रीले विकसित देशहरुलाई जोखिममा रहेका मुलुकको संरक्षण गर्ने प्रतिबद्धताबाट पछि नहट्न आग्रह गरे । उनले नेपालजस्ता देशले सामना गर्नुपरेका जलवायुप्रभावजन्य जोखिम घटाउन विश्वसमुदायको साथ र सहयोग अपरिहार्य भएको बताए ।

अर्थमन्त्रीले जलवायु परिवर्तनका प्रभावका कारण नेपालका निर्धन एवं सीमान्तकृत वर्गले भोग्नुपरेका समस्याबारे जानकारी दिँदै जलवायु परिवर्तनका प्रभाव वृद्धिमा नेपालको कुनै योगदान नरहेको दोहोऱ्याए । उनले जलवायु परिवर्तन प्रभावका कारण अनपेक्षित रुपमा नेपालमा वर्षा, बाढी, पहिरो र खडेरी बढिरहेको जानकारी पनि दिए ।

त्यसबाट प्रकृतिक विपत्ति थपिएका र दिगो विकासका प्रयास, मानव स्वास्थ्य एवं जनजीविकामा असर परेको उनले बताएका थिए ।

# देशको समृद्धिमा लेखा व्यवसायीको महत्वपूर्ण भूमिकाः उद्योगमन्त्री भण्डारी

**काठमाण्डु** । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आर्थिक विकास र देशको समृद्धिका लागि लेखा व्यवसायीको महत्वपूर्ण भूमिका हुने बताउनुभएको छ ।



चार्टर्ड एकाउन्टेन्ट्सहरुको नियामक निकाय नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था(आइक्यान) को आयोजनामा विहिबारदेखि काठमाडौँमा सुरु भएको लेखा व्यवसायीहरुकोराष्ट्रियसम्मेलनको उद्घाटन गर्दै मन्त्री भण्डारीले राम्रो लेखाङ्कन नहुँदा कतिपय क्षेत्र नै बन्द भएकाले यो पेसामा आचारसंहिताको परिपालना अनिवार्य हुने बताउनुभयो ।

“यस पेसामा रहनुहुने व्यक्तिले आचारसंहिताको अनुभूति र सिद्धान्तअनुसार अगाडि बढिरहनुभएको कुरामा म विश्वस्त छु”, मन्त्री भण्डारीले भन्नुभयो ।अर्थतन्त्रमा पछिल्लो समय केही सुधार देखिएको र स्वदेशी उत्पादनमार्फत आर्थिक वृद्धि गर्न आवश्यक रहेको उहाँको भनाइ थियो । उद्योगमन्त्री भण्डारीले सम्मेलनबाट प्राप्त हुने निष्कर्ष तथा सुझावअनुसार कारबाही अगाडि बढाउन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’सँग छलफल गरेर मन्त्रिपरिषद्मा पेस गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले मुलुकको दिगो विकासका लागि लेखा व्यवसायीको महत्वपूर्ण भूमिका हुने बताउनुभयो । चार्टर्ड एकाउन्टेन्ट्स (सीए)ले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको उहाँको भनाइ थियो । “अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले यस वर्ष नेपालले आर्थिक वृद्धिदर तीन दशमलव दुई प्रतिशत हुने प्रक्षेपण गरेको छ ।

मुलुकको अर्थतन्त्र पनि सुधार हुँदै जाने देखिएको छ”, उहाँले भन्नुभयो, “अहिलेको यस्तो अवस्थामा पनि पारदर्शीतासहित यो पेसा अगाडि बढिरहेको अवस्था छ ।”

सम्मेलनको प्रमुख वक्ता इन्टरनेशनल फेडेरेशन अफ एकाउन्टेन्ट्स (आइफ्याक)की अध्यक्ष आस्मा रेस्मौकीले दिगो लेखा अभ्यासका लागि सार्वजनिक चासोका मुद्दालाई अघि बढाउन आवश्यक रहेको बताउनुभयो । लेखा अभ्यास र व्यावसायिक लेखाको क्षेत्रमा धेरै अवसर रहेकाले त्यसलाई प्राप्त गर्न द्रुत गतिमा अगाडि बढ्न उहाँको सुझाव थियो ।

आइक्यानका अध्यक्ष सिए सुजनकुमार काफ्लेले तेस्रो सम्मेलनले विश्वभर हुँदै आएको लेखा अभ्यासको अध्ययन र यस क्षेत्रको प्रवर्द्धन तथा विस्तारमा सहयोग पुग्ने बताउनुभयो । सम्मेलनले वर्तमान अवस्थामा लेखा व्यवसायका क्षेत्रमा देखिएको चुनौती र त्यसको दीगो समाधानका लागि हुनुपर्ने प्रयास सम्बन्धमा नयाँ दिशा दिने पनि उहाँले बताउनुभयो ।

नेपाल अडिटर एसोसिएसन (अडान)का वरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद भट्टराईले दिगो लेखा अभ्यास केन्द्रित यस सम्मेलनले आगामी दिनमा मुलुकमा सुशासन र आर्थिक वृद्धिमा टेवा पुग्ने बताउनुभयो ।चार्टर्ड एकाउन्टेन्ट सङ्घ (एक्यान) का अध्यक्ष सिए दीपक पाण्डेले डिजिटल अर्थतन्त्र बिस्तार हुँदै जाने क्रममा सोहीअनुसार सीप र दक्षता विस्तार हुन नसके पेसागत चुनौती पनि देखापर्नसक्ने बताउनुभयो । शुक्रबारसम्म चल्ने सम्मेलनमा देशभरबाट करिब एक हजार लेखा व्यवसायीहरुको सहभागिता रहेको आयोजकले जनाएको छ ।

**अर्थतन्त्रका केही परिसूचक सुधारोन्मुख**

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले केहीसमयदेखिअर्थतन्त्रमादेखिएको शिथिलतामा सुधार आउन थालेको बताएका छन् ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आयोजना गरेको ‘सस्टेनेवल अकाउन्टिङ प्राक्टिसेस’ विषयक तेस्रो राष्ट्रिय लेखाव्यवसायी सम्मेलनको उद्धाटन समारोहमा उनले अर्थतन्त्रका केही परिसूचक सुधारोन्मुख रहेको वर्तमान अवस्थामा व्यापार व्यवसाय तथा स्वदेशी उद्योग धन्दा विकासको माध्यमबाट अर्थतन्त्रलाई अझ चलायमान बनाउन आवश्यक देखिएको बताए ।

मन्त्री भण्डारीले भने, “सक्षम अर्थतन्त्रको विकासका लागि उद्योगी व्यवसायीहरुको आत्मबल बढाउँदै नयाँ आर्थिक अवसरको सिर्जना गर्न आवश्यक देखिएको छ, यसले एकातिर अर्थतन्त्रमा सकारात्मक सन्देश प्रवाह गर्छ भने अर्कोतिर देशभित्रै रोजगारीका अवसर सिर्जना हुन्छ, यस कार्यमा लेखा व्यवसायी त्यसमा पनि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको भूमिका अझ महत्वपूर्ण हुने मैले विश्वास लिएको छु ।”

उनले विश्वमा कतिपय सफल मानिएका व्यवसाय गलत लेखाङ्कन र लेखाका सर्वमान्य सिद्धान्तको प्रयोग नगरिनाले सदाका लागि व्यवसाय बन्द गर्नुपरेको उदाहरण दिँदै गलत लेखाङ्कनले देशको अर्थतन्त्रलाई प्रत्यक्ष नकारात्मक असर पर्ने उल्लेख गरे ।

आर्थिक क्षेत्रको विकास विना देशको समग्र विकास सम्भव नहुने उल्लेख गर्दै मन्त्री भण्डारीले भने, “आर्थिक क्षेत्रको विकासमा लेखा व्यवसायीको अहम् एवं प्रत्यक्ष भूमिका रहने कुरा सर्वविदितै छ, लेखा राख्नु नियमित काम भए पनि त्यसको विश्वसनीयता र पारदर्शिता समग्र आर्थिक विकासका लागि अत्यन्तै महत्वपूर्ण हुन्छ ।”रासस

# कोशी प्रदेशसभा बैठकमा सङ्कल्प प्रस्ताव पेस

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशसभाको विहिबारको बैठकमा सङ्कल्प प्रस्ताव पेस गरिएको छ । प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन) समेतको नियम ७० को उपनियम (१) को खण्ड (ग) बमोजिम नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले सो प्रस्ताव पेस गरेका हुन् ।

प्रस्ताव पेस गर्दै उनले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले मुख्यमन्त्री केदार कार्कीलाई दिएको विश्वासको मत गत चैत २६ गते फिर्ता लिइसकेका अवस्थामा उहाँ अल्पमतमा पर्नु भएकाले राजीनामा दिइ मार्गप्रशस्त गर्न आग्रह गरे । प्रमुख सचेतक भण्डारीले भने, “अल्पमतमा परेपछि शासन गर्ने अधिकार रहँदैन ।”

प्रदेशसभा सदस्यद्वय गणेश उप्रेती र किशोरचन्द्र दुलालले प्रस्तावमा समर्थन जनाउँदै माओवादी केन्द्रको समर्थनबाट मुख्यमन्त्री पदमा निर्वाचित कार्कीले सोही दलले विश्वासको मत फिर्ता लिइसकेपछि राजीनामा दिएर मार्गप्रशस्त गर्न आग्रह गरे । प्रदेशसभामा यो पहिलोपटक सङ्कल्प प्रस्ताव प्रस्तुत भएको हो । प्रदेशसभाको अर्को बैठक शुक्रबार बिहान ११ बजे बस्ने सभामुख अम्बरबहादुर विष्टले जानकारी दिए ।

# लुम्बिनीमा दोस्रो पटक मन्त्रिमण्डल विस्तार

**टुडे समाचारदाता**

लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले विहिबार दोस्रो पटक मन्त्रिमण्डल विस्तार गरेका छन् । मुख्यमन्त्री महराले सात जना विनाविभागीय मन्त्री थप गरेका हुन् । अब प्रदेशमा मुख्यमन्त्रीसहित ११ सदस्यीय मन्त्रिमण्डल बनेको छ ।

मुख्यमन्त्री महराले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम विहिबार दुई चरणमा मन्त्रिपरिषद्मा सात जना थपेर ११ सदस्यीय मन्त्रिमण्डल गठन गरेका हुन् । नवनियुक्त मन्त्रीहरुमा नेकपा (एमाले)बाट भूमिश्वर ढकाल, अर्जुनकुमार केसी, दिनेश पन्थी र रत्नबहादुर खत्री विनाविभागीय मन्त्री छन् ।

यस्तै नागरिक उन्मुक्ति पार्टीबाट धर्मबहादुर चौधरी, नेकपा (एकीकृत समाजवादी)का भगवती अधिकारी र प्रदेशसभामा स्वतन्त्र सदस्य खड्क बस्नेत पनि विहिबारनै विना विभागीय मन्त्री नियुक्त भएका छन् । नवनियुक्त मन्त्रीहरुलाई विहिबार प्रदेश प्रमुखको कार्यालयमा आयोजित सपथ ग्रहण कार्यक्रममा प्रदेश प्रमुख अमिक शेरचनले नेपालको संविधानको धारा १७२ बमोजिम पद तथा गोपनीयताको सपथ गराएका थिए ।

# सुदूरपश्चिचको मुख्यमन्त्री पदमा सोडारी नियुक्त

**सुदूरपश्चिम** । सुदूरपश्चिम प्रदेशका प्रमुख नजिर मियाँले प्रदेशको मुख्यमन्त्री पदमा नेकपा (एकीकृत समाजवादी) का सुदूरपश्चिम प्रदेशसभा, संसदीय दलका नेता दीर्घबहादुर सोडारीलाई आज नियुक्त गर्नुभएको छ ।प्रदेश प्रमुखले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेशसभा, एकीकृत समाजवादी पार्टीकोसंसदीय दलका नेता सोडारीलाई मुख्यमन्त्रीमा नियुक्त हुनुभएको हो ।



उहाँ नेकपा (माओवादी केन्द्र), नेकपा (एमाले) नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी पक्षका सदस्य र स्वतन्त्र सांसद डा तारा जोशीका समर्थनमा मुख्यमन्त्रीमा नियुक्त हुनुभएको हो ।

यसअघि आजै उहाँले प्रदेशसभामा प्रतिनिधित्व गर्ने एमाले, माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी (अध्यक्ष रञ्जिता श्रेष्ठ पक्षधर) र स्वतन्त्र सदस्य डा तारा जोशीको समर्थनमा प्रदेश प्रमुख समक्ष मुख्यमन्त्रीको नियुक्तको लागि दाबी पेश गर्नुभएको थियो ।

प्रदेश प्रमुखले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशको मुख्यमन्त्रीमा नियुक्तिका लागि दाबी पेश गर्न गत चैत २३ गते (१० दिनको समय दिएर) प्रदेश गर्नुभएको आह्वानअनुसार नागरिक उन्मुक्ति पार्टी (नाउपा) का लक्ष्मणकिशोर चौधरी र कैलाश चौधरीले छुट्टाछुट्टै रुपमा यही वैशाख २ गते दाबी पेश गर्नुभएको थियो ।

दुवैको दाबीको आधारमा निष्कर्षमा पुग्न नसकिएको कारणसहित यही वैशाख ४ गते (दुई दिनको समय तोकेर) संविधानको धारा १६८ को उपधार (२) बमोजिम नै मुख्यमन्त्रीमा दाबी पेश गर्न प्रदेश प्रमुखले पुनःआह्वान गर्नुभएको थियो ।

नाउपाका प्रदेशसभा सदस्य दुई समूहमा विभाजित हुँदा चार प्रदेशसभा सदस्य रहेको एकीकृत समाजवादी सरकार गठनमा निर्णायक बन्न पुगेको छ । फलस्वरुप समाजवादीका नेता सोडारीलाई प्रदेशको मुख्यमन्त्री बन्ने बाटो खुलेको हो । मुख्यमन्त्रीमा दाबी पेश गरिएपछि नाउपाका रेशम पक्षधर पक्षका प्रदेशसभा सदस्य घनश्याम चौधरीले प्रदेश प्रमुखलाई भेटेर सोडारीलाई मुख्यमन्त्रीमा दलको समर्थन नरहेको जानकारीसहितको ध्यानाकर्षण पत्र बुझाएको र नाउपा दलको नाममा दिइएको पत्र किर्ते भएको जनाकारी दिनुभयो ।

प्रदेशसभामा चौथो ठूलो शक्ति नाउपामा उत्पन्न आन्तरिक किचलो साम्य हुने सङ्केत देखिएको छैन । किचलोकै कारण थारु समुदायको नेता प्रदेशको मुख्यमन्त्री हुने अवसर आउँदा पनि वञ्चित हुनु परेको सो पार्टीका नेता कार्यकर्ताको भनाइ छ । अध्यक्ष रञ्जिता श्रेष्ट पक्षधरले अहिलेको केन्द्रीय गठबन्धनअनुसार जानुपर्ने अडानमा रहँदा संस्थापक संरक्षक रेशमलाल चौधरी पक्षधरले कांग्रेससहितको गठबन्धनमा जानुपर्ने अडान राख्दै आएका छन् ।

त्रिपन्न सदस्यीय प्रदेशसभामाको ठूलो दल नेपाली कांग्रेसका १८, नेकपा (माओवादी केन्द्र) का सभामुखबाहेक १०, नएमाले का १०, नाउपाका सात, एकीकृत समाजवादीका चार, राप्रपा एक र एक स्वतन्त्र सांसदको प्रतिनिधित्व छ ।

रिक्त एक पद(बझाङ, प्रदेशसभा ‘क’) का लागि यही वैशाख १५ गते उपनिर्वाचन हुँदैछ । मुख्यमन्त्री नियुक्तका लागि २७ सदस्यको समर्थन आवश्यक पर्दछ ।रासस

# मुलुकको समृद्धिमा दुरसंचारको भूमिका : संचारमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । संचार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मुलुकको समृद्धिमा दूरसञ्चार सेवाको महत्वपूर्ण भूमिका रहेको बताएकी छन् । नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल टेलिकमको पाँचौं केन्द्रीय अधिवेशनको विहिबार उद्धाटन गर्दै उनले दूसञ्चार सेवाको अभावमा मुलुकको सर्वाङ्गीण विकास असम्भव रहेको बताईन् ।

“दूरसञ्चार सेवा गुणस्तरीय भएन, सबै नागरिकको पहुँचमा गुणस्तरीय सेवा नपुग्दा मुलुकको विकासमा बाधा पुग्छ”, मन्त्री शर्माले भनिन् “सरकारी शेयर भएका कारण पनि टेलिकमले मुनाफा नभए पनि दूरदराजमा गुणस्तरीय सेवा दिनुपर्ने दायित्व अगाडि छ ।” दूरसञ्चार सेवालाई गुणस्तरीय बनाएर लैजानुपर्नेमा जोड दिँदै मन्त्री शर्माले ‘डिजिटल डिभाइड’ न्यूनीकरण गर्न विशेष योजना ल्याउन टेलिकम व्यवस्थापनलाई निर्देशन दिईन् ।

“आजका दिनमा पनि ‘डिजिटल डिभाइड’ कायमै छ, सबै वडामा दूरसञ्चार सेवा पुऱ्याउनु आजको आवश्यकता हो”, उनले भनिन्, “मुलुकका सबै भूभागमा गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराउने उद्देश्य हासिल गर्न कम्पनीले गम्भीर भएर सोच्नुपर्छ, यसका लागि मन्त्रालयले सहजीकरण गर्छ ।” टेलिकमलाई थप प्रतिस्पर्धी र व्यावसायिक बनाउन उच्च व्यवस्थापनको ध्यानाकर्षण गराउँदै उहाँले कम्पनीलाई मुनाफामा लैजाने व्यावसायिक योजना ल्याउन आग्रह गरिन् ।

मन्त्री शर्माले पेसागत हकहित र संस्थाको श्रीवृद्धिमा अनवरतरुपमा क्रियाशील हुन सम्पूर्ण कर्मचारीलाई आह्वान गर्दै तालिममा सिकेका ज्ञानलाई कार्यक्षेत्रमा लगाउन सुझाव दिईन् । “कर्मचारीको सेवा सुविधालाई समयानुकूल परिमार्जनका लागि मन्त्रालयले समन्वय र सहजीकरण गरिरहेको छ”, उनले भनिन्, “कर्मचारीले भोग्दै आएको अप्ठ्यारा विषयलाई मन्त्रालयले ध्यान दिएको छ, मन्त्रालयले अभिभावकीय भूमिका निर्वाह गर्नुभयो ।”

कार्यक्रममा टेलिकममा क्रियाशील पेसागत सङ्घसङ्गठनका प्रतिनिधिले टेलिकम क्षेत्रमा देखिएका चुनौती समाधान गर्न, नयाँ परियोजना सञ्चालन गर्न, कर्मचारीको सेवा सुविधा समयानुकूल परिमार्जनका लागि व्यवस्थापनको ध्यानाकर्षण गराएका थिए ।


## Invitation for Electronic Bids

**Ganeshman Charnath Municipality**
**Office of the Municipal Executive**
**Birendra Bazzar, Dhanusha**

**Bid Publication date: 2080-01-07**

1. The Ganeshman Charnath municipality, Office of the municipal executive, Birendra Bazzar, Dhanusha invites electronic bids from eligible bidders for Construction works under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations as mentioned in the table below.
2. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 0710086327900071
   **Rajaswa (revenue) Shirshak no. :** 14229
3. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of the Ganeshman Charnath Municipality, Birendrabazar on or before 12:00 noon on 2080-02-06. Bids received after this deadline will be rejected.
4. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at 14:00 on 2080-02-06 at the office of Ganeshman Charnath Municipality, Birendrabazar, Dhanusha. Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 0710086327900091 (Dharauti khata)

| S. N. | Contract Identificaiton No. | Description of Works | Estimated Cost (Without Vat, PS and Contigencies | Bid Security | Bid Price | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GCM/NCB/ WORKS/ 05/2080-81 | Construction of Asphalt Road from Sahani Chowk to Hemlal house, GCM-6 | 2524478.64 | 145000.00 | 3000.00 | |

**Chief Administrative Officer**

# लोकसभा निर्वाचनको तयारीमा राजनीतिक दल, उम्मेदवार र निर्वाचन कार्यालय

**एएनआई**

नयाँदिल्ली ।भारतको विभिन्न प्रान्तमा हुने लोकसभा निर्वाचनको तयारी तीव्ररुपमा भइरहेको छ । लोकसभा चुनावको पहिलो चरण यही अप्रिल १९ मा सुरु हुँदैछ । निर्वाचनको प्रतिस्पधामा होमिएका दल र उम्मेदवारले आफ्नो पक्षमा जीत हासिल गर्न अनेक मेहनत गरिरहेका छन् भने निर्वाचन व्यवस्थापनसम्न्धी निकायले सुरक्षा र अन्य व्यवस्थापकीय तयारी जारी राखेको छ।

उत्तराखण्डमा हेलिकप्टरको प्रबन्ध

निर्वाचनअन्तर्गत उत्तराखण्डमा सुरक्षित निर्वाचन सुनिश्चित गर्न हेलिकप्टरको प्रबन्ध गरिएको छ। उत्तराखण्डका अतिरिक्त मुख्य निर्वाचन अधिकारी विजयकुमार जोगदण्डेले सबै पाँच लोकसभा स्थानका लागि हुने निर्वाचनको मतदान केन्द्रमा भइरहेका तयारीबारे जानकारी दिँदै आपत्कालीन सेवाका लागि दुईवटा हेलिकप्टरको व्यवस्था गरिएको जानकारी दिनुभयो । उहाँले यपटकको मतदान हिंसा वा हताहतमुक्त हुने र कुनै आपतकालीन अवस्था नआउने बताउनुभयो ।

"एउटा हेलिकप्टर गढवालमा र अर्को खकुमाउमा तैनाथ गरिने र तिनलाई



आपतकालीन उद्देश्यका लागि मात्र प्रयोग गरिनेछ । यसपटकको मतदान हताहत वा हिंसामुक्त हुनेछ, कुनै आपतकालीन अवस्था आउने छैन ।

" जोगडाँडेले भन्नुभयो । पहाडी प्रदेशमा मतदाताको सहभागिता बढाउन राज्यभर ११ हजारभन्दा बढी मतदान केन्द्र स्थापना गरिने भएको छ । यसैबीच, उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले बुधबार नैनीतालमा पत्रकारहरूसँग कुरा गर्दै लोकसभा चुनावमा ठूलो संख्यामा सहभागी हुन मतदाताहरूलाई आग्रह गनुभएको छ ।

पूर्व मुख्यमन्त्री रावत र हरिद्वारमा पूर्व मुख्यमन्त्रीका छोराबीच प्रतिस्पार्धा

हरिद्वार र उत्तराखण्डको अन्य चार लोकसभा निर्वाचन क्षेत्रहरूमा अप्रिल १९ मा आम चुनावको पहिलो चरणमा मतदान हुनेछ ।यस क्षेत्रमा भारतीय जनता पार्टीका नेता तथा उत्तराखण्डका पूर्व मुख्यमन्त्री त्रिवेन्द्र सिंह रावत र उत्तराखण्डका पूर्व मुख्यमन्त्री हरिश रावतका छोरा कांग्रेसका वीरेन्द्र रावतबीच प्रतिस्पर्धा हुने भएको छ ।हरिद्वार संसदीय क्षेत्र कुल १४ विधानसभाहरू मिलेर बनेको छ । बिजेपीले सन् २०१९ र २०१४ को लोकसभा चुनावमा हरिद्वारका सबै सीटमा जित हासिल गरेको थियो ।

उत्तराखण्डमा परम्परागत रूपमा भाजपा र कांग्रेसबीच कडा प्रतिस्पर्धा देखिएको छ । दुवै पार्टीले राज्यलाई आफ्नो राष्ट्रिय सङ्कल्प अनुसार सञ्चालन गर्न आवश्यक युद्धभूमिको रूपमा हेर्छन् ।सोनितपुर जिल्ला निर्वाचन कार्यालयले बिहीबार पहिलो चरणको निर्वाचनका लागि मतदान कर्मचारीहरूलाई आ आफ्नो मतदान केन्द्रहरूमा पठाएको छ। डिब्रुगढ, जोरहाट, लखिमपुर, सोनितपुर र काजिरंगामा पहिलो चरणको निर्वाचन अप्रिल १९ मा हुँदैछ।

मतदान कर्मचारी र सुरक्षाकर्मी खटिए

सोनितपुर संसदीय क्षेत्रका लागि बिहीबार असमको सोनितपुरको दराङ कलेजबाट मतदान टोली र सुरक्षाकर्मी पठाउन थालिएको छ।

अतिरिक्त जिल्ला आयुक्त कविता काकती कोनवरले सोनितपुर आवश्यक मतदान कर्मचारीहरू मतदानमा संलग्न हुने जानकारी दिनुभयो। उक्त जिल्लामा करिब एक सय ५० महिला मतदान केन्द्रहरू छन्। सबै निर्वाचन क्षेत्रहरूमा पर्यवेक्षकहरू राखिएकाले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने विश्वास दिइएको छ।

# गणेशमान सिंह क्रिकेटमा मधेसमाथि गण्डकीको जित



**टुडे समाचारदाता**

काठमाण्डु । राजधानीमा जारी वीर गणेशमान सिंह टि ट्वान्टी राष्ट्रिय क्रिकेटमा गण्डकी प्रदेशले मधेश प्रदेशलाई हराउँदै प्रतियोगितामा पहिलो जित दर्ता गराएको छ । मूलपानी क्रिकेट मैदानमा विहिबार भएको दोस्रो खेलमा गण्डकीले मधेस प्रदेशलाई आठ विकेटले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको हो । यस जितसँगै गण्डकीले तीन खेलमा दुई अङ्क बटुलेको छ । यसअघि गण्डकी लुम्बिनीसँग सात विकेट र बागमती प्रदेशसँग ६७ रनले पराजित भएको थियो ।

त्यस्तै पहिलो खेलमा पराजित भएको मधेसको समान तीन खेलबाट चार अंक रहेको छ। मधेशले बागमतीलाई ६ विकेट र लुम्बिनीलाई २७ रनले हराएको थियो । आजको खेलमा मधेसले गण्डकीलाई जितको लागि एक सय तीन रनको लक्ष्य दिएको थियो । जवाफमा गण्डकीले १६ दशमलव ३ ओभरमा दुई विकेट गुमाउँदै पूरा गऱ्यो ।

गण्डकीका लागि अर्जुन कुमालले सर्वाधिक ४९ रनको योगदान दिए । उनले ५१ बलमा तीन चौका र एक छक्काको मद्दतले अविजित ४९ रन बनाएका हुन् । यसैगरी ईश्वर क्षेत्रीले ३२ रन बनाए भने दीपक डुम्रेले ११ रन जोडे । मधेसका लागि विशाल पटेलले एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको मधेसले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १०२ रनको योगफल बनाएको थियो । उसका लागि विशाल शुस्लिंगले २४ रन बनाए भने विशाल पटेलले २२ रन जोडे । त्यसैगरी मायन यादवले १८, प्रदीप पासवानले १४ तथा अर्निको यादवले १३ रन बनाए ।गण्डकीका लागि कप्तान विपीन खत्रीले चार विकेट लिँदा सुवास भण्डारीले दुई विकेट झारे । त्यस्तै कमल परियार र सन्दीप क्षेत्रीले समान एक एक विकेट लिए।

**लुम्बिनीको जित**

वीर गणेशमान सिंह ट्वान्टी टि २० राष्ट्रिय क्रिकेट च्याम्पियनसिपमा लुम्बिनी प्रदेशले कर्णाली प्रदेशलाई हराउदै प्रतियोगितामा दोस्रो जित दर्ता गराएको छ।

मुलपानी क्रिकेट मैदानमा विहिबार भएको खेलमा लुम्बिनीले कर्णाली प्रदेशलाई सात विकेटले पराजित गरेको हो । जितसँगै लुम्बिनीले तीन खेलमा चार अङ्क जोडेको छ । यसअघि गण्डकी प्रदेशलाई सात विकेटले पराजित गरेको लुम्बिनीले मधेससँग २७ रनले पराजित भएको थियो ।

कर्णालीले प्रस्तुत गरेको ८२ रनको सामान्य लक्ष्य लुम्बिनीले १२ दशमलव दुई ओभरमा तीन विकेट गुमाउँदै पूरा गर्यो । लुम्बिनीका लागि कप्तान देव खेनालले २९ बलमा सात चौका र एक छक्काको मद्दतले अविजित ५१ रन बनाए । यसैगरी मूर्नाल गुरुङले १३ रन जोडदा विराट भण्डारीले अविजित १० रन बनाए ।कर्णालीका लागि कप्तान दिवान पुनले दुई विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको कर्णालीले १६ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै ८१ रनको योगफल बनाएको थियो । उसका लागि अर्जुन घर्तीले सर्वाधिक २८ रनको योगादन दिए भने दिवान पुनले १२ तथा दीपेन्द्र रावलले ११ रन बनाए ।

कर्णालीलाई सस्तैमा समेट्नेक्रममा लुम्बिनीका देव खनाल अविशेक गौतम र वीर मगरले समान दुई-दुई विकेट लिए भने निर्मल गुरुङ, कृष्ण कार्की र नर सार्कीले समान एक-एक विकेट लिए ।

# युक्रेनको चेर्निहिभमा रुसी हमलामा : १७ को मृत्यु



**युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनको अभियोजक जनरलको कार्यालयले मृतकको संख्या बढ्न सक्ने बताएको छ ।**

**एएनआई**

किभ । युक्रेनको व्यस्त डाउनटाउन जिल्ला चेर्निहिभमा बुधबार तीनवटा रूसी मिसाइल प्रहार भएपछि किभ र मस्कोबीच चलिरहेको द्वन्द्वमा कम्तिमा १७ जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएका छन् ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनको अभियोजक जनरलको कार्यालयले मृतकको स ्या बढ्न सक्ने बताएको छ। राष्ट्रपति जेलेन्स्कीले युक्रेनको हवाई रक्षाको कमीका कारण ज्यान गुमाएको जिकिर गर्नुभयो भने युक्रेनका अभियोजक जनरलले ६१ जना घाइते भएको बताउनुभएको छ। एक बयानमा, जेलेन्स्कीले "युक्रेनले पर्याप्त हवाई रक्षा उपकरणहरूका लागि विश्वको दृढताबमोजिम पर्याप्तता नभएकाले रूसी आतंकको सामना गर्न नसकिने बताएको न्युयोर्क टाइम्सले जनाएको छ ।उहाँले आतङ्ककारीहरूले आतङ्क रोक्न र जीवन रक्षा गर्न सक्षमहरूलाई डराउन अवस्था आएपछि जीवन नष्ट गर्न सक्ने बताउनुभयो ।

फोनमा कुरा गर्दै चेर्निहिभ सहर सरकारका प्रमुख ओलेक्सान्डर लोमाकोले सडकमा हिँडिरहेका व्यक्तिहरूलाई गोलीले मारिएको र रगतले ढाकिएका कारहरू टुक्रिएको देखेको बताउनुभयो । उद्धारकर्मीहरूले अझै पनि भग्नावशेषमा पीडितहरूको खोजी गरिरहेको बताउदै उहाँले आक्रमण युक्रेनलाई तत्काल हवाई रक्षा प्रणाली र गोलाबारुद चाहिने कुराको पुष्टि गरेको न्युयोर्क टाइम्सले रिपोर्ट गरेको छ ।युद्धको सुरुमा रुसी सेनाले चेर्निहिभलाई घेरी आक्रमण गरेपछि यसले ठुलो विनाश भोग्यो । यद्यपि, रुसीहरूलाई बाहिर निकालिए पछि र युक्रेनको हवाई सुरक्षामा सुधार भई मानिसहरू यस क्षेत्रमा फर्केको प्रतिवेदनमा उल्लेख छ।

आकाशमा मिसाइलहरू उडिरहँदा, रुस र युक्रेनबिचको भीषण लडाइँ जारी रह्यो। रुसले पहाडी किल्लामाथि नियन्त्रण लिन र युक्रेनी नियन्त्रणमा रहेका अन्तिम प्रमुख सहरहरूमा निरन्तर आक्रमण गर्ने बाटो खोल्ने आशामा चार्सिभ यारको बाहिरी इलाकामा धकेलिरहेको छ। चार्सिभ यारबाट करिब ३५ माइल दक्षिणमा, युक्रेनीहरूले वर्षको सुरुमा अभ्डिव्कालाई चलाएपछि नयाँ लाइनहरू समात्ने प्रयास गरिरहेका छन् ।

यस वर्षको सुरुदेखि नै अमेरिकी सैन्य सहायता धेरै हदसम्म स्थगित गरिएको छ । निकट-रूसी मिसाइल आक्रमणहरूलाई आवश्यक पर्ने पश्चिमी-आपूर्ति गरिएको हवाई रक्षा प्रणालीहरू लगभग गोला बारुदबाट बाहिर छन् । यसले रुसमा रूसी हतियारहरूको स्रोतमा आक्रमण गर्ने र युक्रेनका केही भागहरू कब्जा गर्ने युक्रेनको प्रयासको जरुरतालाई बढाएको छ।

पिबीएससँगको अन्तर्वार्तामा, जेलेन्स्कीले अमेरिकी समर्थनमा भएको ढिलाइले मोर्चामा हालैको नोक्सान निम्त्याएको बताएको द न्यूयोर्क टाइम्सले रिपोर्ट गरेको छ। उहाँले स्पष्ट रूपमा यो समर्थन बिना जित्ने कुनै सम्भावना नहुने बताउनुभयो।

# चीनको केन्द्रीय बैंकका पूर्वडेपुटी गभर्नरमाथि घुस लिएको आरोप

**एएफपी**

बेइजिङ। भ्रष्टाचारविरुद्धको एक दशक लामो कारवाहीको पछिल्लो घटनामा चीनको केन्द्रीय बैंकका एक पूर्वडेपुटी गभर्नरमाथि उच्च पदस्थ अधिकारीका रूपमा आफ्नो कार्यकालमा ठूलो घुस लिएको आरोप लगाइएको सरकारी सञ्चारमाध्यमले बिहीबार बताएको छ।

अदालत स्थगित गरिएको र फैसलाको घोषणा पछि गरिने सिसिटिभीले बताएको छ। सत्तारूढ कम्युनिष्ट पार्टीको आन्तरिक भ्रष्टाचारविरोधी एजेन्सीले सन् २०२३ जुनमा 'व्यावसायिक कर्तव्यको गम्भीर उल्लङ्घन' गरेको भन्दै फ्यानले घुस लिएको आशङ्का गरिएको बताएको थियो। केन्द्रीय अनुशासन निरीक्षण आयोगले



फ्यान यिफेई पहिलो पटक सन् २०२२ नोभेम्बरमा 'अनुशासन र कानूनको संदिग्ध उल्लङ्घन' का लागि अनुसन्धानको दायरामा आउनुभएको थियो। उक्त शब्द सामान्यतया कथित भ्रष्टाचारका घटनाहरूमा प्रयोग गरिन्छ। एक दशकअघि सत्तामा आएपछि चिनियाँ राष्ट्रपति सी जिनपिङले सरकारी भ्रष्टाचारविरुद्ध व्यापक कारवाही अभियान सुरु गर्नुभएको छ।

चिनियाँ राज्य प्रसारक सिसिटिभीले फ्यानमाथि अहिले गैरकानूनीरूपमा '३८ करोड ६० लाख युआन (पाँच करोड ३० लाख अमेरिकी डलर) भन्दा बढीको सम्पत्ति' प्राप्त गरेको आरोप लगाइएको बताएको छ। यी गैरकानूनी गतिविधिहरू कथितरूपमा सन् १९९३ देखि सन् २०२२ को बीचमा भएको समाचारमा उल्लेख छ।

बिहीबार मध्य प्रान्त हुबेईमा घुसखोरी मामिलमा प्रारम्भिक सार्वजनिक सुनुवाइपछि सो बेला फ्यानलाई सार्वजनिक पदबाट बर्खास्त गरिएको, उनको गैरकानूनी आम्दानी जफत गरिएको र फौजदारी मुद्दा चलाइएको बताएको थियो।

समर्थकहरूले राष्ट्रपति सीको भ्रष्टाचारविरोधी अभियानले स्वच्छ शासनलाई बढावा दिने बताए पनि आलोचकहरूले उक्त अभियान सीका लागि राजनीतिक प्रतिद्वन्द्वीहरूलाई हटाउने माध्यम भएको बताएका छन्। भ्रष्टाचार नियन्त्रण अभियान हाल चीनको वित्तीय र बैंकिङ क्षेत्रमा हावी भएको छ।

सरकारी स्वामित्वको चाइना डेभलपमेन्ट बैंकका पूर्वउपप्रमुख ली जिपिङ गत महिना अनुसन्धानको दायरामा आउनुभएको थियो भने सरकार समर्थित चाइना मर्चेन्ट्स बैंकका पूर्वप्रमुख तियान हुइयुलाई फेब्रुअरीमा घुस लिएको आरोपमा निलम्बित मृत्युदण्डको सजाय दिइएको थियो।

# चीनका विदेशमन्त्री वाङ र इन्डोनेसियाका राष्ट्रपति जोकोवीबीच भेट

**एएफपी**

जाकर्ता । बेइजिङले आफ्नो क्षेत्रीय प्रभाव बढाउन खोजेका बेला चीनका विदेशमन्त्री वाङ यीले बिहीबार इन्डोनेसियाका राष्ट्रपति जोको विडोडो र उहाँका उत्तराधिकारी प्रबोवो सुबियान्तोसँग भेटवार्ता गर्नुभएको छ।

यसै महिना प्रबोवोको बेइजिङ भ्रमणपछि उक्त भेटवार्ता भएको हो । प्रबोवोको बेइजिङ भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङले जाकर्तासँगको सम्बन्धको प्रशंसा गर्दै बेइजिङ र अन्य पूर्वी एसियाली छिमेकीहरूबीच विवादित दक्षिण चीन सागरलाई लिएर फिलिपिन्ससहितको तनाव बढ्दै गएपछि क्षेत्रीय शान्तिका लागि एउटा दृष्टिकोण प्रस्तुत गर्नुभएको थियो । इन्डोनेसियाका रक्षामन्त्री प्रबोवोले फेब्रुअरीमा इन्डोनेसियामा भएको राष्ट्रपति निर्वाचनको पहिलो चरणमा बहुमतसहित विजय हासिल गर्नुभएको थियो। उहाँले बेइजिङसँग घनिष्ठ सम्बन्ध विकास गर्न समर्थन जनाउनुभएको छ।

चिनियाँ विदेशमन्त्री वाङले राष्ट्रपति भवनमा जोकोवीको नामले प्रख्यात विडोडो र रक्षा मन्त्रालयमा प्रबोवोसँग भेट गर्नुअघि बिहीबार इन्डोनेसियाली समकक्षी रेटनो मार्सुडीसँग पनि भेटवार्ता गर्नुभयो । जोकोवी र वाङले क्षेत्रीय शान्ति र स्थिरताका लागि आफ्नो इच्छा व्यक्त गर्नुभएको र इजराइल तथा हमासबीच गाजामा युद्धविरामका लागि बारम्बार आह्वान गर्नुभएको रेटनोले बताउनुभयो । "राष्ट्रपतिले कुनै पनि तनाव बढ्न नहुनेमा जोड दिनुभयो", बैठकपछि रेटनोले पत्रकारहरूसँग भन्नुभयो, "यस मुद्दामा चीन र इन्डोनेसियाको अडान समान छ र राष्ट्रपतिले चीनले पनि बढ्दो तनाव रोक्नका लागि आफ्नो प्रभाव प्रयोग गर्ने विश्वास व्यक्त गर्नुभयो।"

प्रबोवोको मिडिया टिमले वाङसँगको छलफलपछि जारी गरेको विज्ञप्तिमा दुवै नेताले सम्भावित संयुक्त सैन्य अभ्यासबारे छलफल गर्नुभएको बताएको थियो । पछि उक्त विषयबारे कुनै पनि उल्लिखित कुरालाई हटाउनका लागि विज्ञप्तिमा संशोधन गरिएको थियो। इन्डोनेसियाको रक्षा मन्त्रालले अर्को विज्ञप्ति जारी गर्दै दुवै पक्षले विवरण निर्दिष्ट नगरी प्रशिक्षण सहयोग र संयुक्त अभ्यासबारे छलफल गरेको बताएको छ।

चीन इन्डोनेसियामा प्रत्यक्ष विदेशी लगानीको सबैभन्दा ठूला स्रोतहरूमध्येको एक हो र उसले इन्डोनेसियामा परियोजनाहरूमा अर्बौं डलर लगानी गरेको छ। चिनियाँ कम्पनीहरूले हालैका वर्षहरूमा इन्डोनेसियाली प्राकृतिक स्रोतहरूको निकासीमा लगानी गरेका छन् । जाकर्ताले गत वर्ष दक्षिणपूर्वी एसियाको पहिलो उच्च गतिको रेल लाइनको उद्घाटन गरेको थियो। उक्त रेल लाइन बेइजिङ समर्थित बहु-अर्बौं डलरको परियोजना पनि हो।

# अष्ट्रेलियाको बेरोजगारी दर ३.८ प्रतिशतले वृद्धि

**सिन्ह्वा**

क्यानबेरा ।पछिल्लो समयमा दिनानुदिन बढ्दै गएको अष्ट्रेलियाको बेरोजगारी दर गत मार्च महिनामा बढेर ३.८ प्रतिशत पुगेको आधिकारिक तथ्याङ्कले देखाएको छ।

अष्ट्रेलियन ब्युरो अफ स्ट्याटिस्टिक्स (एबीएस) ले बिहीबार प्रकाशित गरेको तथ्याङ्क अनुसार रोजगारमा रहेका अष्ट्रेलियालीहरूको संख्या फेब्रुअरी र मार्चको बीचमा छ हजार छ सयले घटेको छ, भने बेरोजगारी दर ३.७ बाट ३.८ प्रतिशतमा पुगेको न्यूज कर्प अर्थशास्त्रीलाई उद्धृत गर्दै अष्ट्रेलियाका अखबारहरूले जनाएका छन् ।जनवरी र फेब्रुअरीको बिचमा कार्यरत अस्ट्रेलियालीहरूको संख्या एक लाख १६ हजार पाँच सयले बढेपछि रोजगारीमा गिरावट आएको हो।

एबीएसले फेब्रुअरी र मार्चको बिचमा पूर्ण-समय भूमिकामा कार्यरत अस्ट्रेलियालीहरूको स ्या २७ हजार नौ सयले बढे पनि सोही अवधिमा अंशकालीक रोजगारी ३४ हजार पाँच सयले घटेको बताएको छ।

जागिर गुमाए पनि अष्ट्रेलियालीहरूले काम गरेको घण्टाको कुल संख्या एक करोड ७० लाख वा फेब्रुअरीको तुलनामा मार्चमा ०.९ प्रतिशत र मार्च २०२३ को तुलनामा १.७ प्रतिशत बढी थियो।

# ज्वालामुखी विस्फोट हुँदा ११ हजारभन्दा बढी विस्थापित

**एएनआई**


जकार्ता । इन्डोनेसियाको उत्तरी सुलावेसी प्रान्तमा ज्वालामुखी विस्फोट हुँदा ११ हजारभन्दा बढी विस्थापित मानिसलाई सुरक्षित स्थानमा सारिएको अल जजिराले बिहीबार जनाएको छ।

माउन्ट रुआङमा मङ्गलबार एक पटक तथा त्यसपछि बुधबार चार पटक विस्फोट भएको थियो।

इन्डोनेसियाको ज्वालामुखी विज्ञान एजेन्सीले पर्वतको सतर्कता स्तर बढाएर चार पुऱ्याएको छ, जुन मापनमा सबैभन्दा उच्च सात सय मिटर अग्लो छ।

एजेन्सीले क्रेटर वरपरको बहिष्करण क्षेत्रको आकार चारदेखि छ किलोमिटरसम्म विस्तार गरेको छ। सुरुमा रुआङका आठ सयभन्दा बढी बासिन्दाहरूलाई टागुलान्डाङ टापुमा सारिएको थियो।

अधिकारीहरूले बढ्दो बहिष्करण क्षेत्रका कारण थप मानिसहरूलाई बाहिर निकाल्न र मनाडोमा ल्याउनुपर्ने बताएका छन् । "जोखिम क्षेत्रका कम्तिमा ११ हजार छ सय १५ बासिन्दाहरूलाई सुरक्षित स्थानमा सार्नुपर्छ", विपद् एजेन्सीको विपद् डाटा, सञ्चार र सूचना केन्द्रका प्रमुख अब्दुल मुहारीलाई



कोम्पास अखबारले उद्धृत गरेको अल जजिराले जनाएको छ।

अधिकारीहरू सन् १८७१ मा भएको विस्फोटमा जस्तै, ज्वालामुखीको एक भाग समुद्रमा खसेको हुन सक्ने र सुनामी निम्त्याउन सक्ने कुरामा चिन्तित छन्। मनाडोको साम रतुलाङ्गी अन्तर र्राष्ट्रिय विमानस्थल कम्तिमा बिहीबार साँझसम्म बन्द रहनेछ । उड्डयन अधिकारीहरूकाअनुसारज्वालामुखीको खरानी फैलिएको कारण, जसले उडान सुरक्षालाई खतरामा पार्न सक्ने छ।

विमानस्थलले दक्षिण कोरिया, चीन र सिङ्गापुर लगायत अन्य राष्ट्रहरूका लागि उडानहरू प्रदान गर्दछ। नजिकैको मलेसियाको कोटा किनाबालु अन्तर्राष्ट्रिय विमानस्थल जाने र जाने उडानहरूमा पनि गम्भीर अवरोध आएको छ। चालु हप्तामा दुईवटा भूकम्पपछि, देशको ज्वालामुखी विज्ञान सेवाका अनुसार माउन्ट रुआङको गतिविधिमा वृद्धि देखिएको छ।

# हिमाल जोगाउन विश्वलाई आह्वान गरिरहेका ती 'दृश्य भाषा'

काठमाण्डु । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतोले रङ्ग्याउनुभएको क्यान्भास अति सुन्दर देखिन्छ । प्रतिष्ठानको मुख्य हलको भित्तोमा झुण्ड्याइएको उक्त क्यान्भासमा पोतिएको रङ जति सुन्दर छ, त्यसले दिएको सन्देश त्यति नै मार्मिक र मर्मस्पर्शी छ। मानिसको मुटुमा सगरमाथा र पृथ्वीलाई जोडेर यी तीनको अन्योन्याश्रित सम्बन्धलाई उहाँका सिर्जनाले खुलस्त पारिदिएको छ।

"जब स्वच्छ मुटुका धमनीहरूबाट स्वच्छ रगत बग्छ, तबमात्रै मानव जीवनको अस्तित्व रहन्छ। त्यही मुटु स्वच्छ बनाउन स्वच्छ प्रकृति नभई हुन्न। स्वच्छ वातावरण हुनैपर्छ । वातावरण सफा भएन भने मुटु बिग्रिँदै जान्छ र मानव जीवन समाप्त हुन्छ", महतोले भन्नुभयो। उहाँले त्यो मुटु जोगाउने हो भने पहिले पृथ्वीलाई हरियाली पार्नुस् भनेर कलामार्फत विश्व समुदायलाई आह्वान गर्नुभएको छ ।कलाकार महतोले भन्नुभयो, "अब पृथ्वीलाई मुटुजस्तै स्वच्छ चाहने हो भने स्वच्छ हिमाल चाहिन्छ किनकि पानीको स्रोत भनेको हिमाल नै हो । यसमा मैले देखाउन खोजेको स्वच्छ जीवन र स्वच्छ पृथ्वीका लागि हिमाल महत्त्वपूर्ण छ, तर हिमालबाट हिउँ पग्लिँदै गएकाले खतरा बढ्यो, हामी सचेत होऔँ भन्ने हो।"

अर्की कलाकार सुष्मा श्रेष्ठले हिमाली क्षेत्रको रहस्य खोतल्नुभएको छ। हिमाल माथि देखिन्छ तर त्यससँग नदी बगिरहेको हुन्छ। विभिन्न प्राकृतिक छटासँगै हिमाल नदी भएर बगिरहन्छ । चुचुरोबाट देखिने प्राकृतिक सुन्दरता र स्वच्छ वातावरण आफैँमा रहस्यमय छ । हिमाली क्षेत्रमा पाइने गुम्बालाई समेत उतारेर उहाँले प्राकृतिक सुन्दरतालाई थप प्रस्ट्याउनुभएको छ।

हिमालको सुन्दरता हरायो अथवा हिउँ पग्लिएर गयो भने त्यसले मानव अस्तित्व नै खतरामा जाने सङ्केत गरेको श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "हिमाल देख्दा एउटा हिमाल मात्र हो, तर त्यहाँभित्रका रहस्यहरू अथाह छन्, त्यो सौन्दर्य, संस्कृति, रहनसहन र अमूल्य प्राकृतिक सम्पत्ति हो । यसलाई हामीले समयमा नै बचाउन सक्यौँ भने मानव अस्तित्व पनि बचाउन सकिन्छ ।"उहाँकी छोरी हुन् श्रेया हाडा श्रेष्ठ । हाडा हरेक कला सिर्जनामा आमासँगसँगै दौडिनुहुन्छ । कहिलेकाहीँ आमासँगै प्रतिस्पर्धा पनि गर्नुहुन्छ। अहिले हिमालयको रहस्यमा पनि आमाछोरीकै सिर्जना प्रदर्शनीमा छनोट भएका छन् । श्रेष्ठले दृष्टिकोण शीर्षकमा हिमालको रहस्य कोर्नुभएको छ।

रातो र निलो रङ दिएर उहाँले क्यान्भसामा हिमाली सिर्जना पस्किनुभएको छ । रातो रङले हिमाल आरोहणको चुनौतीलाई उतार्नुभएको छ भने निलो रङमार्फत त्यसको सुन्दरतालाई झल्काउनुभएको छ। कतिपय मानिसहरू हिमाल चढ्न आतुर हुन्छन् । जोखिम मोलेरै जान्छन् तर सक्दैनन् र आफैँलाई समाप्त पार्छन् । कतिपय मानिस त्यही जोखिम मोलेर टुप्पोमा पुगेपछि स्वर्गीय आनन्द मिलेको अनुभूति लिएर फर्कन्छन् । एकै ठाउँमा पनि यस्ता कयौँ फरक रहस्यहरू छन्, जुन हिमाली क्षेत्रमा पाइन्छ । त्यही कुरालाई विषय बनाएर उहाँले कला सिर्जना गरेको बताउनुभयो।

श्रेष्ठले भन्नुभयो, "दृष्टिकोष शीर्षकमा एउटै हिमाल हेर्न पनि फरक-फरक नजरले फरक पार्दछ । त्यहाँका समुदायको दृष्टिकोण, आरोहीको दृष्टिकोण र दृश्यपान गर्नेहरूको दृष्टिकोण अलगअलग हुन्छन् र रहस्यमय पनि छन्।"

उहाँहरुसँगै ६९ जना कलाकारले हिमालका रहस्यलाई विभिन्न कोणबाट क्यान्भासमा भरेका सिर्जना अहिले नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको प्रदर्शनी हलमा देखाइएको छ ।आफैँमा रोचक र सुन्दरताको खानी हिमाल र हिमाली क्षेत्रका रहनसहनलाई पनि कलाकारले सुन्दर ढङ्गले पस्किएका छन् । कतिपय कलाकारले विश्वमा बढ्दो जलवायु परिवर्तनको असर र त्यसले हिमालय क्षेत्रमा पारेको प्रभावलाई दुरुस्त पर्नुभएको छ भने कतिपयले हिमाली सुन्दरतालाई 'दृश्य भाषा'मा देखाइदिनुभएको छ।



यो पटकको कला प्रदर्शनीमा हिमाल जोगाउनका लागि विश्वलाई दृश्य भाषामार्फत आह्वान गरिएको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले बताउनुभयो । "जलवायु परिवर्तनका असरहरू प्रत्यक्ष हिमालमा परिरहेका छन्। यो हाम्रो कारणले भन्दा पनि विकसित मुलुकले गरिरहेको छ, त्यसैलाई कलामार्फत देखाइदिएका छौँ, यसले पक्कै पनि नयाँ सन्देश दिएको हामीले महसुस गरेका छौँ", उहाँले भन्नुभयो।

अघिल्लो वर्ष सगरमाथा बेसक्याम्प र अन्नपूर्ण बेसक्याम्पमा पुगेर संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेसले हिमाल जोगाउन विश्व समुदायलाई गरेको अपिल र गत वर्ष भएको कोप-२८ मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्व समुदायलाई गराउनुभएको ध्यानाकर्षणलाई मुखरित गर्ने कला सिर्जनाले विश्वलाई झक्झक्याउन सफल भएको विश्वास लिइएको कुलपति हार्तम्छालीले बताउनुभयो।

कलाकारले दृश्य भाषामार्फत औद्योगिक राष्ट्रहरूलाई चेतावनीसमेत दिएका छन्। हिमाल सकिए हिमाल मात्रै सकिँदैन स्वयं आफैँ पनि समाप्त हुने हो भन्दै कलाकारका सिर्जनाले आजैदेखि कार्वन उत्सर्जनका गतिविधि रोक्न अनुरोध गरिरहेको भेटिन्छ । औद्योगिक राष्ट्रका कारण विश्वको तापक्रम बढाइरहेको छ। ती राष्ट्रहरूलाई घच्घच्याउनका लागि यो प्रयास गरिएको प्रतिष्ठानको भनाइ छ।

"हिमाललाई असर गर्नु भनेको समुद्रसम्मलाई असर गर्नु हो । शिरदेखि पैताला अथवा हिमालदेखि समुद्रसम्मका सभ्यता, संस्कृति मावनजीवन, पर्यावरण सबैमा प्रभाव पार्ने भएकाले विश्व समुदाय नै सचेत हुनुपर्छ भनेर कलाकारले दृश्य भाषाबाट दिएको आवाज हो हिमालयको रहस्य", प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले भन्नुभयो।

हिमालयको रहस्यमा प्रकृतिबाट आउने सौन्दर्यका साथै त्यहाँको जनजीवन संस्कृति, याक र चौँरीसँग जोडिएको दैनिकी पनि कलाकारले प्रस्तुत गरेका छन्। त्यसका साथै कलाकारले आरोहण र मानवीय चापका कारण फोहर हुँदा सुन्दर हिमाल कुरुप हुँदै गएकातर्फ पनि ध्यानाकर्षण गराएका उहाँको भनाइ छ।

"जलवायु परिवर्तनका कारण अग्ला हिमालका हिउँ पग्लिएर डाँडाहरू नाङ्गा भएका छन् । पहिलेका स्वच्छ हिमाल अहिले तापक्रमले खुइल्याएर कालापत्थर बनेका छन्। हरेक चित्रले बोलिरहेको छ, यो प्रकृतिको सुन्दरलाई भावी पुस्तासम्म जस्ताको तस्तै हस्तान्तरण गर्न पनि बचाइराख्नुपर्छ, विश्वलाई प्राण धान्न हिमाल र त्यसको सौन्दयलाई जोगाईराखौँ, तबमात्रै मानव जीवन जोगिन्छ भन्ने सन्देश हरेक दृश्यले दिइरहेका छन्", सदस्यसचिव थुम्केलीले भन्नुभयो।

एक सातादेखि जारी 'हिमालयको रहस्य' प्रदर्शनीको संयोजन कलाकार केशवराज खनालले गर्नुभएको हो भने प्रदर्शनीको क्युरेटिङ प्राज्ञसभा सदस्य प्रदीप शाक्यले गर्नुभएको हो। प्रतिष्ठानले केही महिनाअघि नै उक्त विषयमा कला सिर्जना गर्न सार्वजनिक आह्वान गरेको थियो। सोही आधारमा कलाकारले बनाएका सिर्जनाहरू यहाँ प्रदर्शन गरिएको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले जनाएको छ।रासस

## ग्लोबल आइएमई बैंक र हब इन्टरनेशनल एजुकेशनबिच समझदारी




**टुडे समाचारदाता**

जनकपुरधाम। ग्लोबल आइएमई बैंक लिमिटेड र हब इन्टरनेशनल एजुकेशन प्रा. लि. बिच भारतमा उच्च शिक्षाका लागि जाने विद्यार्थीहरुलाई शैक्षिक कर्जा सहजरुपमा प्रवाह गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ।

उक्त समझदारी पत्रमा बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल तथा हब इन्टरनेशनल एजुकेशन प्रा. लि.का संस्थापक तथा अध्यक्ष उद्धव बहादुर खड्काले हस्ताक्षर गरेका छन्।

समझदारी अनुसार बैंकले हब इन्टरनेशनल एजुकेशन प्रा. लि.ले सिफारिस गरेका विद्यार्थीहरुलाई भारतका विश्वविद्यालयहरुमा उच्च शिक्षाका निमित्त आवश्यक वित्तीय दायित्व वहन गर्न आवश्यक शैक्षिक कर्जा सहजरुपमा प्रवाह गर्नेछ।


हब इन्टरनेशनल एजुकेशनमार्फत सिफारिस भएका विद्यार्थी तथा अभिभावकहरुले आवश्यक कागजात तथा विवरण सहित बैंकको शाखा कार्यालयमा निवेदन दिए पश्चात् छिटो, सरल तथा सहज रुपमा यो कर्जा प्रवाह गरिनेछ। ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन्।

ग्लोबल आइएमई बैंक, सबैका लागि बैंकिङ्ग सेवा प्रदान गर्ने बैंक हो जसले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई, उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ। बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ।

## सिटिजन्स बैंकद्वारा १७औं बार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रम संचालन

**टुडे समाचारदाता**

जनकपुरधाम। बिगत सत्र वर्ष देखि आम नेपाली सर्वसाधरण ग्ग्रहकवर्गहरुको घरदैलोमा सर्वसुलभ बैंकिङ्ग सेवा पुर्याउँदै आएको यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्नो सत्रौं बार्षिक उत्सवको अवसरमा घरबारविहीन र मानसिक सन्तुलन गुमाएर सडकमा आश्रय लिइ वसेका व्यक्तिहरुलाई चैत्र २० गते देखि वैशाख ६ सम्म १७ दिन करिव १७०० व्यक्तिहरुलाई १७ दिन भोजनको व्यवस्था गरेको छ।




बैंकले आफ्नो सत्रौं बार्षिक उत्सव यहि बैशाख ७ गते मनाउदै छ । भोटुस्इन्दिरा समाज कल्याण संस्थासंगको सहकार्यमा काठमाडौंका जोरपाटी, चाबहिल, बौद्ध, मैतीदेवी, सेतोपुल, पुरानो बानेश्वर, भीमसेनगोला, बत्तीसपुतली, सिनामंगल, गौशाला लगायतका स्थानमा नदी किनार, सडक छेउमा र पुलमुनि बस्ने घरबारविहीन मानिसहरूलाई बैंकले भोजन वितरण गरेको हो।

सन् २०२० माकोभिड १९ को सुरुवातसँगै सडकमा आश्रित घरबारविहीन व्यक्तिहरुलाई खाना खुवाउने कार्यको थलानी गरेको संस्थाले हालसम्म ३ लाखभन्दा बढीलाई खाना खुवाएको छ भने ५०० भन्दा बढीलाई अन्य सहयोग गरिसकेको छ।


साथै बैंकले आफ्नो १७औं वार्षिकोत्सव को उपलक्ष्यमा विहिबार वैशाख ०६ गते कोशि प्रदेशको धरान शाखाबाट निःशूल्क स्वास्थ्य शिविर संचालनगरि करीब १५०जना सेवाग्राहीहरुले निःशुल्क स्वास्थ्य परीक्षण गराउनुका साथै आवश्यक औषधीहरु समेत निःशूल्क वितरण गरेको छ। साथै विहिबारनै कोशि प्रदेशको धरान शाखा र महेन्द्रचोक शाखा, मधेश प्रदेशको महेन्दनगर धनुषा शाखा, बाग्मती प्रदेशको ठिमि, थानकोट, भैंसेपाटी, सामाखुसी, टेकु र नारायणगढ शाखा, कर्णाली प्रदेशको सुर्खेत शाखा, सुदुरपश्चिम प्रदेशको धनगढी र महेन्द्रनगर शाखाहरुबाट बृहत रक्तदान कार्यक्रमको आयोजना गरेको छ । देशभर विभिन्न शाखामा गरेको रक्तदान कार्यक्रममा २२२ जना दाताले रक्तदान गरेका छन्।

> हरेक वर्ष बैंकले आफ्नो बार्षिक उत्सवको उपलक्ष्यमा सामाजिक रूपान्तरणकालागि कार्य गर्ने संस्थालाई आर्थिक सहयोग उपलब्ध गराँउदै आएको छ ।आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालनगर्ने योजना रहेको जानकारी गराएको छ ।

हरेक वर्ष बैंकले आफ्नो बार्षिक उत्सवको उपलक्ष्यमा सामाजिक रूपान्तरणकालागि कार्य गर्ने संस्थालाई आर्थिक सहयोग उपलब्ध गराँउदै आएको छ ।आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालनगर्ने योजना रहेको जानकारी गराएको छ।

सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७लाख २४ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ। हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदानगर्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ७ शाखाहरु विस्तार गरेरआगामीदिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

## पर्यटनमा नयाँ गन्तव्यः पर्वतीय उडानबाट कैलाश मानसरोवर दर्शन




काठमाण्डु । दिनको पहिलो प्रहर सुरु भइसकेको थिएन । नेपालगञ्जको सिद्धार्थ होटलमा अघिल्लो दिन नै आएका अधिकांश भारतीय पर्यटक नित्यकर्म सकेर तयार भइसकेका थिए । कैलाश पर्वत दर्शन गर्न जानुअघि उनीहरुले नजिकैको जय बागेश्वरी मन्दिरमा सामूहिक दर्शन गरे। त्यसपछि उनीहरु सवार बस विमानस्थलतर्फ लाग्यो।

विमानमार्फत आकाशबाटै तिब्बतमा रहेको कैलाश पर्वतको दर्शन गर्न जाँदै थिए। विमानमा चढ्दै गर्दा भारतीय पर्यटकको अनुहारमा साक्षात कैलाश पर्वत र मानसरोवर ताल आँखै अगाडि हेर्न पाउने उत्कट चाहना झल्कन्थ्यो । हिन्दु धर्ममा कैलाश पर्वतलाई महादेवको घर मानिन्छ । महादेव बस्ने ठाउँ हेर्ने अभिलासाले तिर्थयात्रीहरुको अनुहार उज्यालिएको थियो। "विमानले जसै 'टेकअफ' गरी उत्तरतर्फ उचाइ बढाउँदै गयो, यात्रीहरुको मनमा कौतुहलता बढ्दै गरेको प्रस्ट देखिन्थ्यो। झण्डै ३० मिनेटको उडानपछि विमान नेपाल-चीनको सीमा नजिकै पुग्यो", पर्वतीय उडानबाट फर्केपछि पथिल होलिडेजका प्रबन्ध निर्देशक महेश गौतमले भन्नुभयो।

विमानको झ्यालबाट एकोहोरो आँखा दौडाइरहेका यात्रुहरुले दुई हात जोडेर नमस्कार गरे। उनीहरुका आँखै अगाडि महादेवको घर अर्थात् कैलाश पर्वत बिराजमान थियो। उनीहरु मानसरोवर ताल हेरेर आपसमा केही कुराकानी पनि गरे। यत्तिकैमा विमानमा रहेका पण्डितले यात्रुहरुको ध्यानाकर्षण गराए । सबैलाई कैलाशतर्फ फर्किएर हात जोड्न लगाउँदै मन्त्रोचारण गर्दै विमानभित्रैबाट पूजा सुरु गरे। सामान्य पूजा सकाएपछि उनले कैलाश पर्वत र मानसरोवर तालको धार्मिक महत्व, आस्था र इतिहासबारे जानकारी गराउन थाले। महादेवको बासस्थान आँखै अगाडि हेर्न पाउँदा हर्षविभोर उनीहरु पण्डितले बताएका हरेक विषयमा चासोपूर्ण सुनिरहेका थिए। विमानले तीन/चार फन्को लगाइसकेको थियो।

कैलाशलाई साक्षात दर्शन गर्न पाउँदाको खुसी यात्रुहरुहरुको आँखाबाट छल्किरहेको थियो। कोही आँखाभरी खुसीका आशु बगाउँदै एकोहोरो कैलाश हेरिरहेका थिए भने केहीले मौन मुद्रामा रुद्राक्षको माला घुमाउँदै जप सुरु गरिरहेका थिए । सिद्धार्थ हस्पिटालिटी ग्रुपका क्षेत्रीय निर्देशक केशब न्यौपानेको परिकल्पना, पथिल होलिडेजको व्यवस्थापन र नयाँ दिल्लीस्थित ट्राभल कम्पनी 'ट्रिप टु टेम्पल्स'सँगको समन्वयमा श्री एयरलाइन्सको विमानमार्फत पर्यटकलाई पर्वतीय उडान गराउँदै आइएको छ । यात्रीहरुको आवासीय प्रवन्ध सिद्धार्थ हस्पिटालिटीले गर्दै आएको छ।

बुधबार रामनमवीको दिन कैलाश दर्शनका लागि सात वटा माउन्टेन फ्लाइट (पर्वतीय उडान) भयो। जसमा आठ जना नेपाली र दुई सय ३४ भारतीय पर्यटकले कैलाश पर्वतको दर्शन गरेका थिए । कैलाश पर्वत दर्शनपछि उनीहरुले नेपालगञ्ज फर्केर रुद्राभिषेक पूजा समेत गरेका थिए। पथिल होलिडेजले नयाँ गन्तव्यका रुपमा यो पर्वतीय उडानलाई स्थापित गर्न भारतीय बजारमा सक्दो बजारीकरण गरिरहेको न्यौपानेको भनाइ छ।

"हाम्रा लागि भारत ठूलो बजार हो, हामीले भरतका विभिन्न सहरबाट यहाँ ल्याएर माउण्टेन फ्लाइटमार्फत कैलाश पर्वतको दर्शन गराउँछौँ", न्यौपानेले भन्नुभयो, "तिर्थयात्रीहरुलाई दुइतर्फी यातायात, खान, बस्न र हवाई उडानका लागि एउटै प्याकेजमा बनाएर यात्रा सहज बनाइरहेका छौँ।"भारतको कलकत्ताबाट कैलाश दर्शन गर्न मङ्गलबार साँझपख नेपालगञ्ज आइपुगेकी सञ्चिता गाङ्गुलीले यो आफ्नो जीवनको महत्वपूर्ण पल भएको बताउनुभयो। "हामी यहाँ योजना बनाएर आएका थिएनौँ, सायद महादेवको 'ब्लेसिङ' थियो होला, हाम्रो यो पारिवारिक 'ट्रिप' निकै राम्रो भयो", उहाँले भन्नुभयो।

उहाँले बादल पनि नभएकाले कैलाश पर्वत र दुवै ताल स्पष्ट हेर्न पाएकोमा आफूलाई निकै भाग्यमानी ठानेको सुनाउनुभयो। पछिल्ला केही वर्षयता भारतीयहरु भिसाको समस्याका कारण कैलाश मानसरोवर दर्शन गर्न जान पाएका छैनन्। भिसा, समय तथा स्वास्थ्यको समस्या हुनेलाई पर्वतीय उडानमार्फतको कैलाश पर्वतको दर्शन सबैभन्दा उपयुक्त विकल्प भएको भारतको बैंगलोरबाट आउनुभएका ८० वर्षे विशाल कुँवरले बताउनुभयो।

कैशाल पर्वत दर्शन गरेर आफू निकै धन्य भएको दिल्लीबाट आउनुभएका विनोद शर्माले सुनाउनुभयो । उहाँले भन्नुभयो, "जीवनमा यति सहज ढङ्गले कैलाश पर्वतको दर्शन गर्न पाउँछु भनेर कल्पना पनि गरेको थिइँन । म यो खुसीको बयान गर्न निशब्द छु।" उहाँले आफ्नो 'बकेट लिस्ट'को एउटा योजना पूरा भएको बताउनुभयो । आफूहरु कैलाश दर्शन गरेर सिद्धार्थ होटलमा आइपुग्दा रुद्राक्षको माला र प्रसादले स्वागत गरेको पल बिर्सन नसक्ने भन्दै उहाँले भोले बाबाको आशीर्वाद पाएको महसुस भएको सुनाउनुभयो।

गत माघदेखि नेपालगञ्जबाट कैलाश पर्वत दर्शनका लागि सुरु गरेको पर्वतीय उडानमार्फत हालसम्म पाँच सयभन्दा बढी भारतीय नागरिकले कैलाश पर्वतको दर्शन गरिसकेका छन्। साथै यही वैशाख १० गतेका लागि करिब दुई सय भारतीय नागरिकले बुकिङ गरिसकेको पथिल होलिडेजले बताएको छ । उद्योग वाणिज्य सङ्घ बाँकेका अध्यक्ष टङ्क धामीले नेपालगञ्जमा नयाँ पर्यटकीय गन्तव्यका रुपमा माउन्टेन फ्लाइट भएका भन्दै यसमार्फत यहाँको पर्यटन चलायमान हुन सहज भएको उल्लेख गर्नुभयो। उहाँले यसले पर्यटकको आगमन र त्यसबाट हुने आम्दानी बढाएको बताउनुभयो ।रासस

## नेप्से परिसूचकको ओरालो यात्रा जारी

काठमाण्डु। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहिबार पनि ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १९ दशमलव ५६ अङ्कले ओरालो लागेर एक हजार नौ सय ७२ दशमलव १४ मा सिमित भएको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव शुन्य चार अङ्कले ओरालो लागेर तीन सय ५० दशमलव ४७ मा पुगेको छ। कूल ५३ लाख ४४ हजार छ सय १३ कित्ता शेयर रु दुई अर्ब नौ करोड ३६ लाख १२ हजार सात सय ९२ मूल्यमा खरिद बिक्री भएका छन्।

कारोबार भएकामध्ये गुर्खाज फाइनान्स शीर्ष स्थानमा छ। सो कम्पनीको रु १७ करोड ८२ लाख ८५ हजार चार सय ४१ मूल्यमा खरिद बिक्री भएको छ। सूर्यज्योति लाइफ इन्स्योरेन्स रु १० करोड ५१ लाख ३७ हजार छ सय ७९, पोखरा फाइनान्स रु सात करोड ३७ लाख ५५ हजार छ सय ४६, शिवम् सिमेन्ट रु पाँच करोड ४५ लाख १९ हजार एक सय २३ र हिमालयन रिइन्स्योरेन्स रु पाँच करोड ३० लाख ४९ हजार पाँच सय ५१ मूल्यमा कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार खानीखोला हाइड्रोपावर सात दशमलव ९४, पोखरा फाइनान्स छ दशमलव २१, एनआइसी एशिया ग्रोथ फण्ड पाँच दशमलव ७१, मध्य भोटेकोशी जलविद्युत् कम्पनी पाँच दशमलव ७० र पिपल्स पावरका लगानीकर्ताले पाँच दशमलव ५९ प्रतिशतले कमाएका छन्। रुरु जलविद्युत् परियोजना नौ दशमलव ९९, गुर्खाज फाइनान्स नौ दशमलव३९, सिभिल बैंकको ऋणपत्र आठ दशमलव ८९, सिवाइसी नेपाल लघुवित्त छ दशमलव १२ र एसबिएल ऋणपत्रका लगानीकर्ताले पाँच दशमलव ८४ प्रतिशतले गुमाएका छन् ।रासस

# मधेश प्रदेशमा मन्त्रिपरिषद् पुनर्गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश सरकारले मन्त्रिपरिषद् विस्तार गर्दै तीन मन्त्रीसहित एक राज्यमन्त्री नियुक्त गरेको छ । मधेश प्रदेश सरकारबाट नेकपा माओवादी केन्द्रले दुई मन्त्रीलाई फिर्ता बोलाएलगत्तै मन्त्रिपरिषद् पुनर्गठन गरेको छ।

जनकपुरधामा बिहीबार माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका नेता भरतप्रसाद साह, माओवादीकै ससंदीय दलका उपनेता युवराज भट्टराई र नेकपा एकीकृत समाजवादीबाट बेची लुंगेलीले मन्त्री पदको शपथग्रहण गरेका छन्। उनीहरुलाई प्रदेश प्रमुख सुमित्रादेवी भण्डारीले पद तथा गोपनीयताको शपथ गराएकी छन्।

माओवादी नेता साह र एकीकृत समाजवादीकी नेतृ लुंगेलीलाई विनाविभागीय मन्त्रीमा नियुक्ति गरिएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ भने उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवलाई फिर्ता बोलाएर सो मन्त्रालयको जिम्मेवारी युवराज भट्टराईलाई दिइएको छ।

यता श्रम तथा यातायात मन्त्रालय र वन तथा वातावरण मन्त्रालय गरी दुईवटा मन्त्रालय मुख्यमन्त्री सरोजकुमार यादवले आफैसंग राखेका छन् ।

नेकपा एमालेबाट शारदा थापालाई गृह, कानुन तथा सञ्चार राज्यमन्त्रीको शपथ लिएकी छन्। उनलाई मुख्यमन्त्री यादवले सपथ ग्रहण गराएका छन् । मुख्यमन्त्री यादवले १५ महिनामा ११ औं पटक मन्त्रिपरिषद् पुनर्गठन गरेका छन्।

# चन्द्रनगर गाउँपालिकामा भर्ना अभियान अनिश्चित

**टुडे समाचारदाता**

मलंगवा । पालिकाले समयमै बजेट निकासा नगर्दा सर्लाहीका केही स्थानीय तहमा पाठ्यपुस्तक वितरण हुन सकेको छैन्।

भर्खरै बजेट ल्याएका र जनप्रतिनिधिबिच विवाद रहेका यहाँका केही पालिकाले विद्यार्थीलाई समयमै पाठ्यपुस्तक दिन नसकेका हुन् । पालिकाले



विद्यालयको खातामा रकम पठाइसकेको ठाउँमा भने धमाधम पाठ्यपुस्तक बाँड्ने काम भइरहेको छ।

लामो सङ्घर्षपछि गएको फागुन ७ गते चालू आर्थिक वर्षको बजेट पारित गरेको हरिपूर्वा नगरपालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तक खरिदको रकम निकासा गर्न सकेको छैन्। पालिकाबाट बजेट प्राप्त नभए पनि पुस्तक पसलसँग उधारोमा पुस्तक ल्याएर विद्यार्थीलाई बाँड्न सुरु गरेको हरिपूर्वा नगरपालिका-९ स्थित रामजानकी माध्यमिक विद्यालयका प्रधानाध्यापक सन्तोष ठाकुरले बताए।

"पालिकाबाट बजेट निकासा भएपछि भुक्तानी दिने शर्तमा जलेश्वरबाट किताब मगाएर बाँडिरहेका छौं," उनले भने "उद्योरामामगाएकोमध्येकेहीपुस्तक अभाव भएको छ।" प्रधानाध्यापक ठाकुरले पुस्तक अभावकैबिच विद्यार्थी भर्ना अभियान अघि बढाउने तयारी गरिएको बताए।

हरिपूर्वाका अधिकांश विद्यालयले बजेट अभावमा पाठ्यपुस्तक बाँड्न सकेका छैनन् । १० दिनअघि चैत २५ गते मात्रै बजेट पारित गरेको चन्द्रनगर गाउँपालिकामा पनि पाठ्यपुस्तक वितरण र भर्ना अभियान दुवै अनिश्चित बनेको छ।

चन्द्रनगर गाउँपालिका-३ स्थित श्रीराम जनता निम्न माध्यमिक विद्यालय बडकुर्वाका प्रधानाध्यापक सरोज सिंहले विद्यालयको खातामा रकम नआएकाले विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गर्न नसकेको बताए । "पाठ्यपुस्तक वितरण र भर्ना अभियान सञ्चालन गर्न पालिकाको शिक्षा शाखाले कुनै समन्वय गरेको छैन्," नेपाल शिक्षक महासङ्घको गाउँपालिका समितिका अध्यक्ष समेत रहेका सिंहले भने, "विद्यालयको खातामा बजेट नै निकासा नभएकाले अन्यौलमा परेका छौं।" जिल्लाको धनकौल गाउँपालिकाले पनि पाठ्यपुस्तक खरिदको रकम निकासा नगर्दा पालिकाभित्रका सामुदायिक विद्यालय समस्यामा परेका छन् । गाउँपालिकाको शिक्षा शाखाका प्रमुख युक्ति रामले बिचमा केही समय लेखापाल कार्यालयमा नहुँदा पाठ्यपुस्तकको रकम निकासा हुन नसकेको बताए।

"हाम्रोमा अन्य कुनै समस्या छैन्, लेखापाल नहुँदा समस्या भएको हो," शिक्षा अधिकृत रामले भने," लेखापाल आइसकेकाले अब एक/दुई दिनभित्रमा सबै विद्यालयमा रकम पठाएर पाठ्यपुस्तक बाँड्न सुरु गर्छौं।" पालिकाबाट रकम निकासा पाइसकेका विद्यालयले भने धमाधम पाठ्यपुस्तक वितरण गरिरहेका छन्।

ईश्वरपुर नगरपालिका १२ कालिन्जोरस्थित जनता प्राथमिक विद्यालय नयाँटोलका प्रधानाध्यापक निरबहादुर कार्कीले विद्यार्थीलाई धमाधम पुस्तक वितरण गरिरहेको जानकारी दिए । "नगरपालिकाले विद्यालयको खातामा पैसा पठाइसकेकाले विद्यार्थीलाई पाठ्यपुस्तक दिइसकेका छौं," कार्कीले भने, "भर्ना अभियान सँगसँगै किताब पनि बाँडिरहेका छौं।"

जनक शिक्षा सामग्रीले वितरक हुँदै पुस्तक पसलमा पठाउने पाठ्यपुस्तक विद्यालयहरुले पालिकाबाट बजेट लिएर खरिद गरी विद्यार्थीलाई बाँड्ने प्रावधान छ । तर, जिल्लाका अधिकांश पालिकाले विद्यालयलाई बेलैमा रकम निकासा गर्न बेवास्ता गर्दा विद्यार्थीहरु समयमै पाठ्यपुस्तक पाउनबाट बञ्चित भएका हुन्।

# संविधानले दिएको अधिकार उपयोग गर्नु सक्नु पर्छ : मन्त्री लेखी

**टुडे समाचारदाता**

विरेन्द्र बजार । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राज कुमार लेखीले संविधानले दिएको अधिकारको विषयमा जानकारीको अभावले संबैधानिक अधिकारबाट नेपाली नागरिकहरु बञ्चित भइरहेको बताएका छन्। आदिबासी जनजाति अनुसन्धान केन्द्र ( सिप्रेड)द्वारा सप्तरी सप्तकोशी नगरपालिका ४ तुलसी चोकमा बिहीबार आयोजित नेपालको राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रको अधिकारमा आधारित छलफल तथा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका छन्।



कार्यक्रममा बोल्दै मन्त्री लेखीले संविधान तहत अधिकारको विषयमा जानकारी नहुँदा धैरै नेपाली नागरिक संबैधानिक अधिकार उपयोग गर्नुबाट बञ्चित भएको बताए। उनले आदिवासी जनजाति अनुसन्धान केन्द्र( सिप्रेड) ले राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रमा स्थानीयबासी र आदिबासी जनजाति समुदायले संबिधानमा प्राप्त अधिकार बारे जानकारी गराउदै कोशी टप्पु बन्यजन्तु आरक्ष क्षेत्रमा अनुसन्धान सुरु गरेकोमा धन्यवाद व्यक्त गरे । मन्त्री लेखीले स्थानीय जनप्रतिनिधि र सरोकारवाला निकायहरू जिम्मेवार भएर आरक्ष संरक्षण र स्थानीय समस्या समाधानका सहयोग गर्नुपर्नेमा जोड दिए।

"नेपालको संविधान २०७२ मा उत्पीडित जातिसमुदायको धैरै अधिकार सुरक्षित गरेको छ, तर संविधानमा प्राप्त अधिकारको विषयमा सम्बन्धित समुदाय जानकार छैन, मन्त्री लेखीले भने-'सबै नागरिकलाई संविधानमा प्राप्त अधिकार बारे अनिवार्य रुपमा जानकारी हुनुपर्छ र संविधानमा व्यवस्था भएको अधिकार उपयोग गर्नु सक्नुपर्छ।'

संविधानमा व्यवस्था गरिएको ऐन, कानुन कार्यान्वयनमा कार्यक्रमले सहयोग गर्ने बताउदै कार्यक्रमका प्रमुख अतिथि समेत रहेका मन्त्री लेखीले आफ्नो तर्फबाट सकिने सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे । व्यवस्था परिबर्तनसंगै धैरै अधिकार स्थानीय स्तरबाट पाईने भएको बताउँदै मन्त्री लेखीले नजिकको स्थानीय सरकारसंग बढी सहयोग लिएर स्थानीय समस्या समाधान र संस्कृति संरक्षणलाई समृद्धिसंग जोड्न आग्रह गरे।

बेलका नगरपालिकाका प्रमुख अशोक कार्कीले कोशी टप्पु बन्यजन्तु आरक्ष क्षेत्र वरिपरीका बासिन्दा जंगली जनावरले भन्दा व्यक्तिगत छाडा पशुचौपायाबाट बढी पीडित भएको बताए।

कोशी टप्पुमा १ लाख भन्दा बढी छाडा घरपालुवा जनावर रहेको बताउँदै उनले त्यस्ता छाडा छोडिएको व्यक्तिगत चौपाया हटाउन निर्मम नीति निर्माणमा जोड दिए।

छाडा पशु नियन्त्रण गर्ने नीति निर्माण भए बन्यजन्तु र मानव विचको द्वन्द्व आफै न्यूनीकरण भएर जाने उनले दावी गरे।

आदिवासी जनजाति अनुसन्धान केन्द्रकी कार्यकारी निर्देशक डा. पासाङ डोल्मा शेर्पाको अध्यक्षतामा आयोजित कार्यक्रममा सप्तकोशी नगरपालिकाकी उपप्रमुख रिता कुमारी चौधरी, सामुदायिक वन उपभोक्ता महासंघ सप्तरीका अध्यक्ष अशोक चौधरी, सप्तकोशी नगरपालिका, कञ्चनरुप नगरपालिका, बेलका नगरपालिकाका विभिन्न वडाका वडा अध्यक्षहरु, सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधिहरु, मध्यवर्ती क्षेत्रका पदाधिकारीहरु, सामुदायिक बनका पदाधिकारी तथा आदिबासी जनजाति सम्वद्व विभिन्न संगठनका प्रतिनिधिहरुको सहभागी रहेको थियो।

राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन २०२९ को खारेजी र नयाँ कानुनको तर्जुमा सम्बन्धमा, राष्ट्रिय निकुञ्ज तथा संरक्षण सम्बन्धि नियमावली र कार्यविधिहरुका सम्बन्धमा, राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण नियमावली २०८० सम्बन्धमा, संरक्षित क्षेत्रमा पूर्वाधार निर्माण सम्बन्धि कार्यविधि २०८० सम्बन्धमा, व्यवसायिक रुपमा बन्यजन्तुको पालन, प्रजनन तथा उपयोग मापदण्ड २०८० सम्बन्धमा, बन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका २०८० सम्बन्धमा, संबैधानिक नीति तथा संरक्षित क्षेत्र सम्बन्धमा, जैविक विविधतामा आदिबासी जनजातिको अधिकार, संरक्षित क्षेत्रमा आदिबासी जनजाति र स्थानीय समुदायको अधिकारका अन्तर्राष्ट्रिय कानुनी अधिकार, संरक्षित क्षेत्रको मुलभुत मुद्दाहरु र आगामी विकल्पहरु सम्बन्धि छलफल तथा अन्तरक्रिया कार्यक्रमको सहजीकरण कार्यकारी निर्देशक डा. शेर्पा, सिप्रेडका कार्यक्रम संयोजक नरेन्द्र लामा, कार्यक्रम संयोजक विश्वास चेपाङलगायतले सहजीकरण गरेको फिल्ड अफिसर सरिता कुमारी चौधरीले जानकारी दिइन्।

यसैगरी बिहीवार नै आदिवासी जनजातिको परम्परागत प्रथाजन्य कानुन त्यसको उपयोगिता सम्बन्धि समेत सरोकारवालाहरुसंग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिएको सिप्रेडकी फोकल पर्सन उषा कुमारी खाँले बताइन्।

**पर्स हरायो**

जानकी चोकदेखि किसोरी नगर, सीता टोल हुँदै गंगा सागर आरती स्थल र त्यहाँबाट फर्किने क्रममा मिति २०८१ वैशाख २ गते आइतवार हराएको लाइसेन्स फेला परेको छ।पर्समा अन्यलाई काम नलाग्ने तर मेरालागि अत्यन्त महत्वपूर्ण कागजातहरु, पान कार्ड, प्रेस कार्ड, एटीएम, बुद्ध र यति एयरको माइलेज कार्ड लगायत रहेकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।सहयोगका लागि अभारी रहने छु।पर्समा नगद छैन्।

**जनकपुर टुडेको कार्यालय**
मोबाइल नं. ९८५४०२००२५, ९८०१६२००२५, ९८०१६२६०२५, ९८५४०२६०२५

## जलिरहेको शव बरामद

# शंकास्पद हत्या हुनसक्ने प्रहरीको अनुमान

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा जलिरहेको अवस्थामा प्रहरीले शंकाष्पद शव बरामद गरेको छ। जनकपुरधाम उपमहानगपालिका-१६ स्थित रेल्वे लिक नजिक पोखरी डिलमा साँझ ८ बजेतर्फ २५ वर्षीया प्रियंका महतोको शव जलिरहेको अवस्थामा नियन्त्रणमा लिएको छ।



उनीसंगै १४ महिनाकी माही महतोलाई जिउँदै अवस्थामा जलाइरहँदा धनुषा प्रहरीले उद्धार गरी प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा बिहीबार मृत्यु भएको धनुषा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक रञ्जन आवेले जानकारी दिए।

महोत्तरीको मनरासिस्वा नगरपालिका- २ स्थित इटहर्वाका सुमित महतोकी श्रीमति प्रियंका महतोको र उनकी छोरी १४ महिनाकी माही जलेको अवस्थामा धनुषा प्रहरीले नियन्त्रणमा लिएको थियो।

महोत्तरीको पिपरा गाउँपालिका- १ स्थित ढेकहा माइतीमा प्रियंका बैशाख १ गते नै ससुरालीबाट माइत आएकी थिइन् । माइत जाने क्रममा प्रियंकाले सुमितलाई बिरामी छु भनेर छोरीसहित ससुरालीबाट निस्केकी थिइन् । तर उनी माइतबाट ससुरालीमा बैशाख ५ गते नपुगेपछि उनको सोधखोज गरिएको थियो।

तर प्रहरीको प्रारम्भिक अनुसन्धानबाट प्रियंका माइत जाँदैछु भनेर निस्के पनि उनी परपुरुषसंग लहसिएको देखा परेको स्रोतले जनाएको छ।

उनी पिपरा गाउँपालिकास्थित ढेकहा बस्ने रामसागर महतोसंग विशेष सम्पर्कमा रहेको देखिएको छ भने मोबाइल कल डिटेल्सको आधारमा प्रहरीले सोधखोज गरिरहेको जनाएको छ।

यता घटनामा शंकास्पद देखिएका रामसागर महतो भने फरार भएका छन् । सोधखोजका लागि उनको घरमा पुग्दा उनी फरार भएको धनुषा प्रहरीले जनाएको छ।

यता प्रियंका र माहीको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा रहेको छ भने सो घटनासम्बन्धी थप अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ।

# हत्याका अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । गत साउन अन्तिममा लखन्देही खोलामा टाउको र रानिगञ्ज जंगलमा शरीर फेला परेका भारतीय युवकको हत्यामा संलग्न रहेका अर्का भारतीय युवकलाई प्रहरीले पक्राउ गरेको छ।



हरिवन नगरपालिका-४, स्थित पूर्व पश्चिम राजमार्गको लखन्देही पुलमुनि घाँटी भन्दा तलको भाग काटिएको अवस्थामा बेवारिसे पुरुषको टाउको मात्रै फेला परेको थियो । त्यसको दुई दिनपछि लालबन्दी नगरपालिका-१७, स्थित पूर्व पश्चिम राजमार्ग नजिक रानिगञ्ज जंगलमा टाउको भन्दा तलको शरीर फेला परेको थियो।

उक्त टाउको र शरीर भारतको सितामढी थाना पुरौना भिलेज पोष्ट मनियारी वडा नं. ५ बस्ने २३ वर्षीय गोलु भन्ने अभिषेक राजको रहेको भनी पछि परिवार आएर पुष्टी गरेका थिए।

अभिषेकको हत्यामा संलग्न रही फरार रहेका भारतको सितामढी सोनवर्षा थाना ग्राम पंचायत पुरनदहा राजवडा पश्चिम वडा नं. ५ बस्ने २७ वर्षीय रन्जित कुमार बैठालाई प्रहरीले पक्राउ गरेको हो।

बैठालाई सदरमुकाम मलंगवा नगरपालिका-८, गोरखकालीस्थित नेपाल-भारत सीमा दशगजा नजिकै लागिरहेको महायज्ञ मेलामा घुमिरहेको अवस्थामा पक्राउ गरिएको सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपक श्रेष्ठले जानकारी दिए।

डिएसपी श्रेष्ठले बैठालाई सर्लाही जिल्ला अदालतबाट म्याद थप गरी हिरासतमा राखेर विभत्स हत्याको घटनाका सम्वन्धमा थप अनुसन्धान भइरहेको बताए।

# 'मन्त्री पदकै निम्ति गठबन्धनको सरकार ढाल्दिन'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारबाट नेकपा माओवादी केन्द्रले उद्योग वाणिज्य तथा पर्यटनमन्त्री सुनिता यादवलाई फिर्ता बोलाएको छ।

मन्त्री सुनिता यादवलाई पार्टीले फिर्ता बोलाउँदै उनको ठाउँमा युवराज भट्टराईलाई नियुक्ति गरिएको छ । भने मधेश सरकारमा माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका नेता भरतप्रसाद साहलाई समेत बिना विभागीय मन्त्रीको जिम्मेवारी पाएको छ।

मधेश सरकारमा भएको कुर्सी उलटफेरप्रति निवर्तमानमन्त्री सुनिता यादवले साह र भट्टराईलाई शुभकामना दिँदै आफ्नो कार्यकालमा भोगेका विभिन्न अनुभवसमेत सार्वजनिक गरेको छ।

सामाजिक सञ्जाल फेसबुकबाट निवर्तमानमन्त्री यादवले नवनियूक्त दुवै मन्त्रीलाई कार्यकाल सफलताको शुभकामना दिँदै उनले मन्त्रीको जिम्मेवारी रहँदासम्म आफुले भागेको अप्ठ्यारो परिस्थितिहरुको सवालमा बताउँदै सो परिस्थितिको सामना अब फेरि पनि कसैले गर्नु नपरोस् उल्लेख गरेकी छन्।

उनले आफ्नै दलका केही साथिबाट चरम असहयोग पनि भएको बताएकी छन् । तर पार्टीबाट मन्त्रीमण्डलमा परेका साथीहरूलाई आफू विश्वास्त रहन आग्रह गर्दै निवर्तमान मन्त्री यादवले सामाजिक सञ्जालमा लेखेकी छन्, 'मन्त्री पद पाउनैको निम्ति र आफ्नै गठबन्धनको सरकार ढाल्न जे जति प्रयास र व्यबहारहरु गरे, त्यो मेरो तर्फबाट हुने छैन।'

'मेरो कार्यकालमा मैले सकेको राम्रो गर्न खोजे म कति सफल या असफल भए यो मुल्यांकन गर्ने जिम्मा आम जनसमुदाय मै छोडन चाहन्छु।' उनले उल्लेख गरेकी छन्।



माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका नेता साह र उपनेता भट्टराई मन्त्रीमा नियुक्ति भएपछि निवर्तमान मन्त्री यादवले सामाजिक सञ्जाल फेसबुकमा लेखेकी छन्, 'माननीय भरत प्रसाद साह र माननीय युवराज भट्टराईलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना ‼ आजदेखि एउटा मन्त्रीको रूपमा मेरो कार्यकाल सकिँदै छ । यस अवधिमा मलाई सहयोग र साथ दिने सबैमा हार्दिक आभार ब्यक्त गर्दछु।

म े र ा े कार्यकालमा मैले सकेको राम्रो गर्न खोजे म कति सफल या असफल भए यो मुल्यांकन गर्ने जिम्मा आम जनसमुदाय मै छोडन चाहन्छु। तर यस अबधिमा मैले निकै अप्ठ्यारो परिस्थितिहरुको पनि सामना गर्नु पर्यो, त्यो फेरि पनि कसैले गर्नु नपरोस् भन्ने लागेको छ।

आफ्नै दलका केही साथिबाट चरम असहयोग पनि रहेकै थियो ।तर हाम्रो पार्टी बाट आज मन्त्री मण्डलमा पर्नु भएको साथीहरूलाई म बिश्वास दिलाउन चाहन्छु कि म सङ मन्त्री पाउनै को निम्ति र आफनै गठबन्धनको सरकार ढाल्न जे जति प्रयास र व्यबहारहरु गरे त्यो मेरो तर्फबाट हुने छैन।

म एउटा सच्चा र सचेत जनप्रतिनिधिको रुपमा तपाईंहरु सगै हुनेछु। फेरि पनि नबनियुक्त माननीय मन्त्री साथिहरुलाई हार्दिक बधाई एब्म सफल कार्यकालको शुभकामना !'

**गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्।
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड